# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ संख्याः ०४ मितिः २०८०।०४।०१

## भाग-१

सम्बत् २०८० सालको नियमावली नं १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँ सभाद्वारा पारित माछापुच्छ्रे गाउँपालिकाको **"सहकारी नियमावली, २०८०"** बनाई सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

माछापुच्छ्रे गाउँपालिका

# माछापुच्छ्रे गाउँपालिकाको सहकारी नियमावली, २०८०

नेपालको संविधान, स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ तथा माछापुच्छ्रे गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा १०० ले दिएको अधिकार प्रयोग गरी माछापुच्छ्रे गाउँपालिका गाँउकार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस नियमावलीको नाम "माछापुच्छ्रे गाउँपालिकाको सहकारी नियमावली, २०८०" रहेको छ ।

(ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा :-

(क) "ऐन" भन्नाले "माछापुच्छ्रे गाउँपालिकाको सहकारी ऐन, २०७४" सम्झनु पर्दछ ।

(ख) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धि विषय हेर्ने संघीय सरकार तथा गण्डकी प्रदेश सरकार अर्न्तगतको मन्त्रालय सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले माछापुच्छ्रे गाउँपालिकाको सहकारी हेर्ने शाखालाई बुझाउनु पर्दछ ।

(घ) "नियमित बचत" भन्नाले सदस्यहरुले संस्थामा दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, त्रैमासिक वा वार्षिक रुपमा जम्मा गर्ने बचत रकमलाई सम्झनु पर्दछ ।

(ङ.) "व्यवस्थापक" भन्नाले सहकारी संस्थाको व्यवस्थापक सम्झनु पर्दछ र सो शब्दले महाप्रवन्धक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी प्रमुख समेतलाई जनाउनेछ ।

(च) "संस्थागत पूँजी" भन्नाले संस्थाको जगेडा कोष तथा अन्य अविभाज्य कोषहरुको योगफललाई जनाउनेछ ।

(छ) "सूचना अधिकारी" भन्नाले संस्थाले कार्यालयको आधिकारिक सूचना संप्रेषण गर्न नियूक्त गरेको कर्मचारीलाई जनाउनेछ ।

(ज) "कार्यान्वयन अधिकारी" भन्नाले सहकारी विभागले जारी गरेको सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धि सहकारी संघ संस्थालाई जारी गरीएको निर्देशन, २०७४ बमोजिम संस्थाले नियुक्त गर्ने कर्मचारीलाई जनाउनेछ ।

झ) "संगठित संस्था" भन्नाले नेपाल सरकार मातहत संघ, प्रदेश तथा स्थानिय तहमा संचालित सरकारी कार्यालयलाई सम्झनुपर्दछ ।

माछापुच्छ्रे गाउँपालिका

ञ) "कार्यक्षेत्र भन्नाले" सहकारी संस्थाको सदस्यता विस्तार र कारोबार गर्न तोकिएको भौगोलिक क्षेत्र वा निर्दिष्ट स्थान विशेषलाई जनाउनेछ ।

## परिच्छेद -२

## संस्था गठन, दर्ता र संचालन

### ३. सहकारी संस्था गठन र यसको आधार :

ऐनको दफा (३) बमोजिम दर्ता हुने वसोवासको आधार, श्रम वा सीपको आधार एवं पेशागत आधारमा संस्थाहरु गठन गर्दा देहायको शर्त तथा बन्देजहरु पुरा गरेको हुनुपर्नेछ ।

### (क) वसोवासको आधार :

वसोवासको आधारमा संस्था दर्ता गर्न संयुक्त रुपमा आवेदन गर्न अलग अलग परिवारका आवश्यक संख्याका प्राकृतिक व्यक्तिहरुको निम्नानुसारका कागजातहरु पेश गर्नु पर्नेछ ।

(१) कार्यक्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेको व्यक्तिहरुको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(२) कार्यक्षेत्र भित्र वसोवास गरेको, प्रस्तावित संस्थाको कार्यक्षेत्र बाहिरको नेपाली नागरिकता भएको आवेदकहरुको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको अलवा कार्यक्षेत्रभित्र बसोबास गरेको व्यहोरा प्रमाणित हुने देहायको मध्ये कुनै एक प्रमाणको प्रमाणित प्रतिलिपि,

क) परिवार सहितको बसाइँसराइ गरी आएको भए सो को प्रमाणपत्र,

ख) बैबाहिक सम्वन्धका आधारमा वसाइ सर्नु परेको भए विवाह दर्ताको प्रमाणपत्र र नाता प्रमाणित,

ग) घर वा जग्गा भएको भए प्रमाणित गर्न जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपि र घर नक्सा इजाजतको प्रतिलिपि वा निर्माण सम्पन्न प्रमाणपत्रको प्रतिलिपि,

घ) कर्मचारीको हकमा स्थायी नियुक्ति पत्र, हाल कार्यरत कार्यालय वा निकाय खुल्ने प्रमाण र सम्बन्धित कार्य क्षेत्रमा बसोबास गरेको व्यहोरा प्रमाणित हुने वडा कार्यालयले गरेको हाल सालैको सिफारिस पत्र,

ङ) विगत दुई वर्षदेखि सम्बन्धित कार्यक्षेत्रमा व्यवसाय गरी वसेको प्रमाणित हुने व्यवसाय नविकरण सहितको इजाजत पत्र, कर तिरेको प्रमाणको प्रमाणित प्रतिलिपि,

च) आमा, बाबु, पति, पत्नी, छोरा, छोरी बाहेक अन्यको हकमा एकाघर संगोलमा रहेको नाता समेत खुल्ने सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

### (ख) श्रम वा सीपको आधार :

श्रमिक तथा युवा लगायतले आफ्नो श्रम, सीप र निश्चित विषयमा आधारित तोकिएको व्यवसाय गर्ने, संस्थाको हकमा जुन श्रम र सीपको आधारमा सहकारी दर्ता गर्न चाहेको हो भने आवेदकहरुले सो सम्बन्धि व्यावसायिक सीप हासिल गरेको प्रमाणहरु पेश गर्नुपर्नेछ ।

## (ग) पेशागत आधार :

पेशागत आधारमा दर्ता हुने संस्थाको हकमा गाउँपालिका क्षेत्र भित्र सञ्चालित सरकारी कार्यालय, विद्यालय तथा संगठित संस्थामा कार्यरत एकाउन्न जना कर्मचारीहरु हुनुपर्नेछ । यस्तो संस्था दर्ता गर्दा सम्बन्धित निकाय वा कार्यालयको सिफारिस हुन आवश्यक पर्दछ । साथै पेशागत सहकारी दर्ताको लागि देहाय बमोजिमको शर्त एवं बन्देजहरु हुनेछन् ।

१. संगठित संस्थामा कार्यरत कर्मचारी, प्राध्यापक वा शिक्षकहरुको संस्था गठन गर्दा कम्तीमा ६० प्रतिशत कर्मचारी स्थायी दरवन्दीको हुनुपर्नेछ ।

२. उपरोक्त बमोजिमको संस्थाले सहकारीका संघ वा बैकमा संस्थागत सदस्यता लिएता पनि संस्थाका प्रतिनिधीहरु संघ वा बैकको सञ्चालक वा लेखा समितिमा उम्मेद्वार बन्न पाउने छैनन् ।

यस उपनियम बमोजिम दर्ता भएका संस्थाहरुले देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछन् ।

(क) सदस्यहरुबाट विनियममा तोकिएको सीमा सम्मको मासिक बचत संकलन गर्ने ।

(ख) खण्ड (क) बमोजिम संकलित बचत रकम सदस्यहरुलाई सापटी, ऋणको रुपमा परिचालन गर्ने ।

(ग) सदस्यहरु बीच सिमित हुने गरी दैनिक उपभोग्य वस्तु तथा शैक्षिक सामाग्रीको बिक्री वितरण गर्ने ।

(घ) सदस्यहरुको बौद्धिक विकास एवं कला साहित्यका क्षेत्रमा रचनात्मक कार्य गर्ने ।

३. एउटै पेशासंग सम्बन्धित पेशागत संगठन अर्न्तगत माछापुच्छ्रे गाउँपालिका भित्र एकभन्दा बढी पेशागत सहकारी संस्था दर्ता गरिने छैन ।

४. पेशागत आधारमा गठित सहकारी संस्थाको कार्यक्षेत्र माछापुच्छ्रे गाउँपालिका भर हुनेछ ।

## ४. बचत तथा ऋण सहकारीको दर्ता तथा सञ्चालनको मापदण्ड :

१. ऐनको दफा (६) बमोजिम बचत तथा ऋण सहकारी अन्य विषयगत सहकारी संस्था दर्ता गर्नका लागि प्रत्येक वडामा पाँच सय जनसंख्यामा एउटा बचत तथा ऋण सहकारी नबढ्ने गरी दर्ताको व्यवस्थापन गरिनेछ ।

२. उपनियम (१) बमोजिम मापदण्ड भन्दा बढी भएका बचत तथा ऋण सहकारी संस्थाहरु यो नियमावली प्रारम्भ भएको ३ वर्षभित्र ऐनको दफा (६५) बमोजिम एकीकरण गरिसक्नुपर्नेछ ।

३ वचत तथा ऋणको कारोवार गर्ने संस्थाले गैह्र वित्तिय क्षेत्रमा लगानी गर्दा सोही प्रयोजनका लागि साधारण सभावाट स्वीकृति लिई इच्छुक सदस्यहरुवाट थप पूँजी संकलन गरी लगानी गर्न सकिनेछ । तर सदस्यहरुको पूर्व स्वीकृतिमा लाभाशं कोष र संरक्षित पूँजी फिर्ता कोषको रकम यस्तो गैह्र वित्तिय कारोवारमा लगानी गर्न बाधा पर्ने छैन ।

## ५. बहुउद्देश्यीय, उत्पादनमूलक र सेवामूलक संस्थाको दर्ता तथा सञ्चालनको आधार :

१. बहुउद्देश्यीय सहकारी संस्थाले दर्ताको बखत विनियममा बचत तथा ऋण बाहेक कम्तिमा पनि २ वटा उद्देश्यहरु समावेश गरेको व्यावसायिक परियोजना उल्लेख गरी पेश गरेको हुनुपर्नेछ ।

२. बहुउद्देश्यीय कारोबार गर्ने गरी दर्ता भएको बहुउद्देश्यीय सहकारी, उत्पादनमूलक र सेवामूलक सहकारी वा दर्ता भई कारोबार गरिरहेको सहकारी संस्थाले बचत तथा ऋणको हिस्सा कूल कारोबार (बासलात) मा ३० प्रतिशतमा नबढ्ने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

३. यसरी दर्ता हुने सहकारीले बचत तथा ऋणको ३० प्रतिशत हिस्सा सदस्यहरुलाई केन्द्रित गरी व्यक्तिगत रुपमा बचत ऋणको कारोबार र बाँकी ७० प्रतिशत हिस्सा संस्थागत लगानीका आधारमा उत्पादन, वितरण, उपभोग, बजारीकरण, श्रम र शीपमा आधारित बहुमुखी उद्योग तथा परियोजनाहरुमा लगानी गर्नुपर्नेछ ।

४. कृषि लगायत दुग्ध उत्पादन प्रशोधन वजारिकरण र सेवा मुलक व्यवसाय सञ्चालन गर्ने गरी दर्ता हुने सहकारीले जुन प्रकृतिको संस्था दर्ता गर्ने हो सोही प्रकृतिको व्यवसाय संग मेल खाने स्थल, वातावरणीय प्रभाब मुल्याङ्कन तथा मापदण्ड आदिको व्यवस्थापन गर्नुपर्दछ ।

## ६. संस्था वा संघको दर्ताको दरखास्त :

१. संस्था दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष देहायका कागजात तथा विवरण पेश गर्नुपर्नेछ ।

क) अनुसूची १ को ढाँचामा दरखास्त ।

ख) अनुसूची २ को ढाँचामा सम्भाव्यता अध्ययन प्रतिवेदन ।

ग) अनुसूची ३ को ढाँचामा आवेदकहरुको विवरण फारम ।

घ) अनुसूची ४ को ढाँचामा व्यावसायिक कार्ययोजनाको रुपरेखा ।.

ङ) अनुसूची ५ को ढाँचामा सदस्यहरुवाट संकलित शेयर रकमको भरपाई ।

च) अनुसूची ६ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण ।

छ) अनुसूची ७ को ढाँचामा स्वा-घोषणा पत्र ।

ज) अनुसूची ८ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र ।

झ) अनुसूची ९ अनुसारका विषयवस्तुहरु समावेश भएको सहकारी संस्थाको विनियम ।

ञ) प्रारम्भिक भेलाका प्रमाणित निर्णयहरु ।

ट) प्रस्तावित संस्थाको कार्यालय रहने सम्बन्धित वडाको सिफारिस पत्र ।

ठ) कार्यक्षेत्र वाहिर नागरिकता कायम भएको भए कार्यक्षेत्र भित्र वसोवास गरेको पुष्ट्याइको प्रमाण ।

ड) सम्पति शुद्धिकरण सम्बन्धि भरिएको सदस्य पहिचान फारम ।

ढ) आवेदकहरुको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि ।

ण) पूर्व सहकारी शिक्षा लिएको प्रमाणको प्रतिलिपि ।

त) ऐनको दफा ५ बमोजिमको अन्य कागजातहरु आदि ।

२. आवेदकहरू मध्ये सदस्यको श्रम वा सीपमा आधारित संस्थाको हकमा कम्तीमा १५ जना, बचत तथा ऋण सहकारीको हकमा ७५ जना र अन्य संस्थाको हकमा कम्तीमा ३१ जनाले कम्तीमा एक दिवसीय सहकारी सम्बन्धी अनुशिक्षण लिएको प्रमाण (फोटो, कार्यपत्र, अनुशिक्षण दिने व्यक्तिको नाम तथा सम्पर्क ठेगाना, सहभागिहरुको उपस्थिति आदि)

## ७. शेयरपूँजी सम्बन्धि मापदण्ड :

१) संस्थाले जारी गर्ने कुल शेयर पूँजीको रकम संस्था दर्ता गर्न आवेदन गर्दा नै विनियममा उल्लेख गर्नु पर्नेछ ।

२) संस्था दर्ताको वेला चुक्ता पूँजीको रकम कुल शेयर पूँजीको कम्तिमा २० प्रतिशत हुनुपर्नेछ । यो अनुपात शेयर वृद्धिका लागि आवेदन दिने बखतमा समेत कायम राख्नु पर्नेछ ।

३) संस्थाको कुल शेयर पूँजीको २० प्रतिशत नवढ्ने गरी एउटै सदस्यले खरिद गर्न पाइनेछ ।

४) शेयर पूँजी वृद्धि गर्नु परेमा साधारण सभाको वहुमतले निर्णय गरे पश्चात माछापुच्छ्रे गाउँपालिकाको दर्ता अधिकारीले स्विकृत गरे पछि लागु हुनेछ ।

## ८. सहकारी संस्थाको नामाकरण तथा नाम परिवर्तन सम्बन्धि व्यवस्था :

१. सहकारी संस्थाको नाम अर्थ खुल्ने गरी कम्तीमा दुई अक्षर भएको देवनागरी लिपीमा हुनु पर्नेछ । अनुवाद गरी अंग्रेजी र नेपालीमा फरक नाम उल्लेख गर्न पाइने छैन । संस्थाको नाम संगै संस्था कुन विषयगत आधारमा दर्ता भएको हो प्रष्ट हुने गरी सहकारी संस्था लिमिटेड शव्दको प्रयोग अनिवार्य रुपमा गर्नु पर्नेछ ।

२. संचालनमा रहेका अन्य संस्थाहरुका नाम सँग हुबहु वा मिल्दोजुल्दो हुने गरी वा नामको अगाडी वा पछाडी उपसर्ग प्रत्यय वा शव्द जोडी संस्था दर्ता गरिनेछैन ।

३ प्रस्तावित संस्थाको नाम यस अगाडी दर्ता भएका संस्थासंग मिल्दो जुल्दो भएको देखिएमा दर्ता गर्ने अधिकारीले अर्को नाम प्रस्ताव गर्न लगाउनेछन् । त्यस्तो अवस्थामा प्रस्तावित संस्थाले तदर्थ संचालक समितिको बहुमतको निर्णयले अर्को नाम प्रस्तावित गर्न सक्नेछ ।

४. तोकिएको भौगोलिक कार्यक्षेत्र भन्दा व्यापक कार्यक्षेत्र जनाउने नाम राखी दर्ता गरिने छैन साथै एउटै जाति, धर्म, थर, वर्ग, समुह वा भाषालाई प्रोत्साहन हुने वा देखिने गरी सहकारी संस्था दर्ता गरिनेछैन ।

५. यस अघि दर्ता भएका सहकारी संस्थाहको हकमा स्वीकृत विनियममा उल्लेख भएको उद्देश्य एवं कार्य अनुरुप विषय खुल्ने गरी नामाकरण गर्न वा भएको नाम परिवर्तन गर्न साधारण सभाको कुल सदस्यको वहुमतले पारित गरी दर्ता गर्ने अधिकारीवाट स्वीकृत गराइ संस्थाको नाम परिवर्तन गर्नु पर्दछ ।

६. उपनियम ५ बमोजिम नाम परिवर्तन गर्न स्वीकृति दिएकोमा शेयरधनी एवं सरोकारवाला सवैलाई जानकारी गराउनका लागि स्थानिय वा राष्ट्रिय पत्रपत्रिका साथै विश्वसनीय सार्वजनिक संचार माध्यमवाट सुचना जारी गर्नु पर्नेछ ।

७. सस्थाको संचालक, लेखा समितिका पदाधिकारी सदस्यहरु, सुचना अधिकारी र कार्यान्वयन अधिकारीको नाम, पद, सम्पर्क नं., फोटो आदि विवरण संस्थाको कार्यालयमा सवैले देख्ने गरी टाँस गर्नुपर्नेछ ।

## ९. सहकारी संस्थाको साइनवोर्ड र कार्यालय सम्बन्धि व्यवस्था :

१. सहकारी संस्थाको साइन वोर्डको रंग हल्का हरियो रंगको पृष्ठभुमिमा सेतो रंगको अक्षरले लेखिएको हुनुपर्नेछ । प्रत्येक सस्थाले दर्ता प्रमाणपत्रमा उल्लेखित नाम, दर्ता नं., दर्ता भएको साल र स्थायी लेखा नं. समेत खुलाइ नेपाली भाषा अनिवार्य हुनेगरी अन्य भाषा समेत आवश्यक परेमा समावेश गरी संस्थाको कार्यालयमा सवैले देख्ने ठाँउमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२. कार्यालय राख्ने स्थान छनौट गर्दा धेरै भन्दा धेरै सदस्यलाई पायक पर्ने स्थान छनौट गर्नुपर्नेछ ।  यदि संस्थाको साधारण सभाले कार्यालय स्थान परिवर्तन गर्न वहुमत सदस्यले निर्णय गर्न सक्नेछ । यस्तो परिवर्तित स्थानमा कार्यालय सारेको जानकारी गाँउपालिकाको कार्यालय सहकारी शाखामा जानकारी गराउनु पर्नेछ । यस्तो निर्णय संचार माध्यम मार्फत शेयरधनी तथा सम्बन्धित संघ संस्थाहरुलाई जानकारी गराउन सुचना प्रकाशन गर्नुपर्दछ ।

३. सामान्यतया एकै प्रकृतिको एक भन्दा वढि संस्थाहरुका कार्यालय एउटै भवन वा घरमा स्थापना गर्न पाइनेछैन ।

४. संस्थाले प्रदान गर्ने सेवा सुविधा, संस्थाको वित्तिय प्रगती, संस्थाले लिने व्यवस्थापन शुल्क, ढुवानी शुल्क, वस्तु तथा सेवाको मुल्य सुची, व्याजदर तथा अन्य दस्तुर सहितको विस्तृत विवरण समावेश गरी सवैले देख्ने गरी सदस्य वडापत्र वनाई टाँस गर्नुपर्नेछ ।

## १०. सहकारी संस्थाको कार्यक्षेत्र सम्बन्धि व्यवस्था :

(१) ऐनको दफा (९) बमोजिम दर्ता गर्दाको अवस्थामा तोकिए बाहेक २ वर्ष पश्चात संस्थाको कार्यक्षेत्र देहाय बमोजिम थप गर्न सक्नेछ ।

(क) उत्पादक, सेवामूलक, बहुउद्देश्यीय संस्थाको हकमा कम्तिमा एक वडा बराबर ३१ जना सदस्य कायम हुने गरी भौगोलिक क्षेत्रको आधारमा जोडिएको वडाहरु कायम गर्दै बढीमा गाउँपालिका भर ।

(ख) उपनियम (क) बमोजिमको संस्थाले गाउँपालिका भर कार्यक्षेत्र कायम गर्दा संस्थाको संस्थागत पूँजी कम्तिमा ५ प्रतिशत पुगेको, संस्था घाटामा नरहेको, शेयर पूँजी रु.पचास लाख पुगेको र सदस्यता पाच सय जना पुगेको हुनुपर्नेछ ।

(ग) श्रमिक संस्थाको हकमा संस्थाको व्यावसायिक योजना, एक वडा बराबर १५ जना सदस्य हुने गरी जोडिएको भौगोलिक क्षेत्रका आधारमा जोडिएको वडाहरु कायम गर्दै बढीमा गाउँपालिका भर ।

(घ) वित्तीय सहकारीको हकमा कम्तिमा एक वडा बराबर १०१ जना सदस्य हुने गरी भौगोलिक क्षेत्रको आधारमा जोडिएको वडाहरु कायम गर्दै बढीमा गाउँपालिका भर ।

(ङ.) उपनियम (घ) बमोजिमको संस्थाले गाउँपालिका भर कार्यक्षेत्र कायम गर्दा संस्थाको संस्थागत पूँजी कम्तिमा ५ प्रतिशत पुगेको, पर्ल्स अनुगमन प्रणालीको न्यूनतम मापदण्ड पुरा गरेको, संस्था घाटामा नरहेको, शेयर पूँजी रु. एक करोड र सदस्य कम्तिमा एक हजार जना पुगेको हुनुपर्नेछ ।

(च) कार्यक्षेत्र विस्तार गर्न चाहने संस्थाले व्यावसायिक योजना र सम्भाव्यता अध्ययन प्रतिवेदन सहित साधारण सभाको निर्णय पेश गर्नुपर्नेछ ।

(छ) संस्थाको कार्यक्षेत्र विस्तार गर्दा देहायको प्रक्रिया पूरा गर्नुपर्छः-

१. मौजुदा कार्यक्षेत्रमा संस्थाको सदस्यता एवं कारोवारमा बृद्धि भएको र लेखाजोखा गरिएको ।

२. थप गरिने कार्यक्षेत्रमा संस्थाको सेवा माग भएको, व्यावसायिक योजना र सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गरेको ।

३. कार्यक्षेत्र विस्तार गर्दा ऐनको दफा २२ विपरित दोहोरो सदस्यता हुने अवस्था नरहेको सुनिश्चित गरीएको,

४. कार्यक्षेत्र विस्तारको सम्वन्धमा साधारण सभाले निर्णय गरी विनियम संसोधनको प्रकृया पूरा भएको ।

५. मौजूदा कार्यक्षेत्रमा संस्थाले प्रदान गरेको सेवा, उद्योग, व्यावसायिक स्थिति, सञ्चालन खर्च, कारोबारको स्थिति र नाफा नोक्सानको विवरण ।

## ११. सदस्य सेवाकेन्द्र र बिक्रीकेन्द्र :

गाउँपालिका भर कार्यक्षेत्र कायम भएको संस्थाको हकमा व्यावसायिक योजना, औचित्य र आवश्यकताको आधारमा मूख्य कार्यालय बाहेक बढीमा २ स्थानमा सदस्य सेवाकेन्द्र, बिक्रीकेन्द्र, डिपो सञ्चालन गर्न सक्नेछ । यसरी स्थापना हुने कार्यालयको भौगोलिक दुरी संस्थाको मूख्य कार्यालय भन्दा ५ कि.मी.र सोहि प्रकृतिको अन्य संस्था भन्दा १ कि.मी.कायम गर्नुपर्दछ ।

## १२. विषय तथा उद्देश्य परिवर्तन :

१) सामान्यतया दर्ता भएको मितिले ३ वर्षसम्म सहकारी संस्थाको विषय परिवर्तन गरिने छैन, तर हाल संस्थाले गरी आएको मुख्य कारोवार जुन विषयसंग सम्बन्धित छ सोहि प्रकृतिको संस्था संग एकीकरण गर्न प्रोत्साहन गरिनेछ ।

२) कुनै सहकारी संस्थाको सदस्यहरुले आफ्नो परिवर्तित व्यावसायिक आवश्यकताको आधारमा दर्ता हुँदाको बखतको विषय परिवर्तन गर्न चाहेमा उपनियम १ बमोजिमको समय पुरा गरी साधारण सभाको कूल कायम रहेको सदस्य संख्याको बहुमतबाट निर्णय भएको हुनुपर्नेछ ।

३) उपनियम (२) बमोजिम विषय परिवर्तन गर्दा गाउँपालिकाबाट स्वीकृत शर्त र कार्यविधी पूरा भएको हुनुपर्नेछ ।

## १३. सहकारी संस्थाको विनियम :

१. ऐनको दफा (१७) बमोजिम विनियम बनाउदा सहकारी संस्थाले अनुसूचीहरुमा उल्लेखित विषयहरु समावेश गर्नुपर्नेछ ।

२. बचत तथा ऋणको विषयगत संस्था बाहेक उत्पादक संस्था, सेवामूलक संस्था, उपभोक्ता, बहुउद्देश्यीय संस्था र श्रमिक संस्थाले आफ्नो विनियममा बचत तथा ऋणको कारोबारलाई मूख्य उद्देश्यमा समावेश गर्नु हुदैन ।

३. सहकारी संस्थाको प्रकृति हेरि दर्ता अधिकारीले थप विषयहरु विनियममा समावेश गर्ने गरी तोक्न सक्नेछन् ।

४. साधारण सभामा विनियम परिमार्जन सम्वन्धि प्रस्ताव पेश गर्नु अघि संस्थाले परिमार्जन गर्न लागेको विषयमा गाउँपालिका कार्यालय संग सैद्धान्तिक स्वीकृतिका लागि पेश गर्न सक्नेछ ।

५. उपनियम ४ बमोजिम विनियम परिमार्जनमा सैद्धान्तिक स्वीकृति माग भएमा गाउँपालिकाले त्यस्तो स्वीकृति दिने वा दिन नमिल्ने भए कारण सहितको जानकारी सम्बन्धित संस्थालाई ७ दिन भित्र दिनु पर्नेछ ।

६. उपनियम ५ मा स्वीकृति प्राप्त भएमा सोहि बमोजिम र कारण खोली अस्विकृत भएको सोहि बमोजिम परिमार्जन गरी विनियम परिमार्जनका लागि साधारण सभामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

## १४. संयुक्त रुपमा वा साझेदारीमा कारोबार,व्यवसाय, परियोजना सञ्चालन :

१. ऐनको दफा १२ को उपदफा (६) बमोजिम दुई वा दुई भन्दा बढी संस्थाहरुले आर्थिक, सामाजिक र पूर्वाधार विकासमा सहयोग हुने गरी साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणका लागि देहाय बमोजिमका आधारमा कारोबार, व्यवसाय वा उद्योग वा परियोजनाहरु सञ्चालन गर्न सक्नेछन्:-

(क) सम्बन्धित संस्थाको उत्पादनमा मूल्य शृङ्खला विकास, बजार पहुँच वा निर्यात प्रबन्धको प्रयोजन हुनुपर्ने,

(ख) प्रस्तावित कारोबार, व्यवसाय, उद्योग वा परियोजनाको स्वामित्व, स्रोत परिचालन, सञ्चांलन विधि, सदस्यहरूको लोकतान्त्रिक नियन्त्रण प्रणाली, प्रतिफल वितरण लगायत व्यावसायिक प्रस्तावनाको विस्तृत रूपरेखा तयार गरिएको हुनुपर्ने,

(ग) प्रस्तावित संयुक्त वा साझेदारी कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको सम्भाव्यता अध्ययनबाट सम्भाव्य देखिएको हुनुपर्ने,

(घ) खण्ड (ख) बमोजिमको प्रस्तावना, सम्बद्ध संस्थाहरू प्रत्येकको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट पारित भएको हुनुपर्ने,

(ङ) खण्ड (घ) बमोजिम पारित प्रस्तावना संयुक्त रूपमा वा साझेदारीमा कार्यान्वयन गर्ने सम्बन्धमा सम्बद्ध संस्थाहरू बीच कम्तीमा पाँच वर्षको करार बन्दोबस्त भएको हुनुपर्ने,

(च) प्रचलित कानुन बमोजिम माछापुच्छ्रे गाउँपालिका वा अन्य निकायमा प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय स्वीकृती वा दर्ता गर्नुपर्ने भए गरिएको हुनुपर्ने,

(छ) प्रस्तावित संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्नका लागि प्रचलित कानुन बमोजिम कुनै निकायबाट इजाजत, सहमति वा स्वीकृति लिनुपर्ने भए लिएको हुनुपर्ने ।

(ज) यस नियम बमोजिम स्थापना हुने स्थानिय सहकारी संस्था, व्यावसायिक फर्म र कम्पनीहरुलाई सम्बन्धित निकायबाट इजाजत, सहमति वा स्वीकृति दिने विषयमा कुनै विभेद गर्न पाइने छैन ।

२. उपनियम (१) को अधीनमा रही अन्तर सहकारी सहयोगको भावनाले आवश्यकता अनुसार एकै विषयगत वा फरक विषयगत वा विषयगत र बहुउद्देश्यीय संस्थाहरू मिली संयुक्त वा साझेदारी व्यवसाय सञ्चालन गर्न सक्नेछन् ।

३. उपनियम (१) बमोजिम कार्य पूरा गरी सम्बन्धित संस्थाहरूले तत्सम्बन्धी सम्पूर्ण कागजात संलग्न राखी दर्ता अधिकारी समक्ष निवेदन दिनुपर्नेछ ।

४. उपनियम (३) बमोजिम प्राप्त निवेदन उपर दर्ता अधिकारीले तीस दिनभित्र आवश्यक जाँचबुझ गरी संयुक्त रूपमा वा साझेदारीमा कारोबार, उद्योग वा व्यवसाय सञ्चालन गर्ने अनुमति दिन सक्नेछ ।

५. उपनियम (४) बमोजिम अनुमति दिएकोमा दर्ता अधिकारीले सोको अभिलेख छुट्टै दर्ता किताबमा दर्ता गरी राख्नुपर्नेछ ।

६. यस नियम बमोजिम दर्ता भएको संयुक्त वा साझेदारी कारोबार वा व्यवसाय वा उद्योग वा परियोजनाले नियमित रुपमा प्रगति प्रतिवेदनका साथै वार्षिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्नेछ ।

७. संयुक्त वा साझेदारी कारोबार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालनका सम्वन्धमा गाउँपालिकाले आवश्यक शर्त र मापदण्ड तोक्न सक्नेछ ।

८. वचत तथा ऋण सहकारी संस्थाहरुले संयूक्त उद्योगमा लगानी गर्ने शेयर रकम सम्बन्धित संस्थाको जगेडा कोषको २५ प्रतिशत भन्दा वढि नहुने गरी लगानीको प्रवन्ध मिलाउनु पर्नेछ । तर वचत तथा ऋण सहकारी संस्था वाहेकका सहकारी संस्थालाई भने सो भन्दा वढि लगानी गर्न वाधा पुगेको मानिनेछैन ।

## परिच्छेद -३

## सदस्यता

### १५.संघ वा सहकारी बैंकको सदस्यता सम्बन्धि व्यवस्था :

१. ऐनको दफा ६ बमोजिम दर्ता भएको सहकारी संस्थाले देहायको प्रकृया पूरा गरी दर्ता भएको ६ महिना भित्र कम्तिमा एक तह माथिल्लो सम्बन्धित विषयगत संघको अनिवार्य सदस्यता लिनुपर्नेछ। यस नियमावली प्रारम्भ हुनु पूर्व दर्ता भई कुनै संघमा आवद्ध नभएका संस्थाहरुले समेत यस नियमावली लागु भएको मितिले १ वर्ष भित्र अनिवार्य सम्बन्धित संघमा आवद्ध हुनुपर्नेछ ।

२. सहकारी संघ वा सहकारी बैंकको सदस्यता लिनका लागि संस्थाको सञ्चालक समितिबाट निर्णय भएको हुनुपर्नेछ ।

(३) सम्बन्धित विषयको सम्बन्धित संघ वाहेक अन्य विषयगत संघमा सदस्यता लिन पाउनेछैन । तर सहकारी संघ संस्थाको प्रवर्द्धनको लागि गठित सहकारी बैकहरुको भने सदस्यता लिन बाधा पर्नेछैन ।

(४) सम्बन्धित संघ वा बैकको विनियममा उल्लेखित आधार र प्रक्रिया पूरा भएको हुनुपर्नेछ ।

## परिच्छेद -४

## साधारण सभा, योग्यता र वैठक

### १६. साधारण सभा सम्बन्धि व्यवस्था :

ऐनको दफा २५,२६,२७,२८ र २९ मा भएको व्यवस्था अतिरिक्त साधारण सभा सम्बन्धि निम्नानुसार व्यवस्था गरिएकोछ ।

१. साधारण सभाको कार्यसूची सहितको सूचना सभा हुनु भन्दा १५ दिन अगावै सदस्यको ठेगानामा पुग्ने गरी पठाउनुपर्नेछ । यसरी सूचना संम्प्रेषण गर्दा पत्रचार, एस.एम.एस., एफ.एम, रेडियो, पत्रपत्रिका, टेलिभिजन, सामाजिक सञ्जाल लगायत सम्भव भएसम्म स्थानीय सञ्चारका बहुमाध्यमबाट दिनुपर्नेछ ।

२. समितिले साधारण सभाको बैठकमा पेश गरिने विषयको प्रस्ताव, वार्षिक प्रतिवेदन साथै निर्णयमा पुग्न सहयोगी कागजात सदस्यहरुलाई वैठक वस्ने दिन अगावै यथासक्य चाडो उपलव्ध गराउन पर्दछ वा सजिलै उपलव्ध हुन सक्ने गरी व्यवस्था मिलाउनुपर्नेछ ।

३. सामान्यतया निर्वाचन कार्यक्रम भएको साधारण सभा वोलाए पछि नयाँ निर्वाचन हुने १ महिना अगावै देखि सदस्यता दिने कार्य स्थगन राख्नु पदर्छ ।

४ साधारण सभाको बैठकको निर्णय प्रमाणित गर्नका लागि बैठकमा उपस्थित सञ्चालकहरुका साथै समितिका सदस्य संख्या भन्दा एकजना बढी हुने गरी सभामा उपस्थित सदस्यहरुमध्येबाट चुनेका सदस्यहरुले प्रत्येक पानामा सहिछाप गरी प्रमाणित गर्नुपर्दछ ।

५. ऐनको दफा २८ को उपदफा (६) बमोजिम दुई हजार भन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा हुनुभन्दा एक हप्ता अगाडि नै तोकिएको कार्यसूचीमा छलफल गर्ने गरी वडा वा पायक पर्ने स्थानमा सदस्यहरुलाई भेला डाकी सञ्चालक र लेखा समितिको प्रतिनिधीको रोहबरमा तोकिएको विषयहरु उपर छलफल गर्ने, संक्षिप्त प्रतिवेदन तयार गर्ने र उपस्थित सदस्यहरु मध्ये १० जना सदस्य बराबर १ जना हुने गरी अन्तिम साधारण सभाको लागि प्रतिनिधी छनौट गरी प्रतिनिधी मूलक साधारण सभाको व्यवस्था गर्नुपर्नेछ ।

६. अन्तिम साधारण सभाको वैठकमा प्रतिनिधिको रुपमा छनौट भई आएका सदस्य स्वंय उपस्थित हुनुपर्नेछ ।

७. साधारण सभाबाट छनौट भएका प्रतिनिधी सहितको सञ्चालकहरुले प्रमाणित गरेको अन्तिम प्रतिवेदन साधारण सभा भएको १५ दिनभित्र गाउँपालिका सहकारी शाखामा पेश गर्नुपर्नेछ ।

### १७. निर्वाचन सम्बन्धि व्यवस्था :

१. संस्थाको साधारण सभावाट सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्न विनियममा उल्लेख भए बमोजिमको निर्वाचन उपसिमिति गठन गर्नुपर्नेछ । उक्त उपसमितिले स्विकृत निर्वाचन निर्देशिकाको आधारमा मतदाता नामावली प्रकाशन, उमेदवारको दरखास्त, दावि विरोध, मतदान, मतगणना, निर्वाचन परिणामको घोषणा लगायत अन्य आवश्यक विषय समावेश गरी निर्वाचन कार्यक्रम प्रकाशित गर्नुपर्नेछ ।

२. निर्वाचन अधिकृतले संस्थाका आधिकारिक पदाधिकारीको हस्ताक्षर भएको प्रमाणित मतदाता नामावली वुझि लिनुपर्नेछ ।

३. सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिमा उमेद्वार हुनेले अनुसुची १० मा तोके बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ । उमेद्वारले दरखास्त दिदा एक जना प्रस्तावक र एक जना समर्थक हुनुपर्नेछ । कुनै उमेद्वारको लागि प्रस्तावक वा समर्थक भएको व्यक्ति अर्को उमेद्वारको समर्थक वा प्रस्तावक हुन पाउनेछैन ।

४ निर्धारित निर्वाचन कार्यक्रम अनुसारका प्रक्रियाहरु पुरा नगरि गरिएको निर्वाचन वैधानिक हुनेछैन । सञ्चालक तथा लेखा सुपरिवेक्षण समिति निर्वाचित पदाधिकारीहरु तथा सदस्यहरुलाई संस्थाको नियम बमोजिम सपथ गराई निर्वाचित भएको प्रमाणपत्र निर्वाचन उपसमितिले दिनुपर्नेछ ।

५ निर्वाचन सम्बन्धि सवै कागजात तथा निर्णयहरु शिलवन्दी गरी प्रमाणित गराई ३ महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

६. सामान्यतया निर्वाचन उपसमिति गठन गर्दा सहकारी संघ, पालिका वा सहकारी शाखाको प्रतिनिधि, जनप्रतिनिधि तथा अधिवक्ता मध्ये एकजना अनिवार्य समावेश हुने गरी व्यवस्थापन गर्नुपर्नेछ ।

## १८. सञ्चालकहरुको योग्यता सम्बन्धि व्यवस्था :

सञ्चालक समितिमा निर्वाचित हुनका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

१. सञ्चालक समितिमा निर्वाचित हुन सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तिमा ३ वर्ष पुगेको हुनुपर्नेछ तर प्रारम्भिक साधारण सभावाट निर्वाचित हुने समितिका पदाधिकारी तथा सदस्यहरुको हकमा यो नियम लागु हुनेछैन ।

२. संस्थालाई तिर्न, वुझाउन पर्ने वेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको हुनु पर्नेछ । वैक तथा वित्तिय संस्थावाट कर्जा लिइ कालो सुचीमा नपरेको हुनुपर्नेछ ।

३. सहकारी संस्थाको सञ्चालकको लागि कम्तिमा सहकारी व्यवस्थापन सम्बन्धि तालिम लिएको हुनुपर्नेछ । यस भन्दा अगाडी दर्ता भई सञ्चालनमा रहेका सहकारीले यो नियमावली प्रारम्भ भएको मितिले ६ महिनाभित्रमा आफ्ना सञ्चालकहरुको लागि सो सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्नेछ ।

४ सञ्चालकहरु मध्ये कम्तिमा एक जना सञ्चालक जुन विषयको सहकारी हो सो सम्बन्धि ज्ञान हासिल गरेको हुनुपर्नेछ ।

## १९. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीको योग्यता :

१. लेखा सुपरिवेक्षण समितिमा निर्वाचित हुनका लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ ।

क) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको कम्तीमा तिन वर्ष पुगेको हुनुपर्नेछ तर तर प्रारम्भिक साधारण सभावाट निर्वाचित हुने लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरुको हकमा यो नियम लागु हुने छैन ।

ख. संस्थालाई तिर्न, वुझाउन पर्ने वेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको हुनुपर्नेछ । वैक तथा वित्तिय संस्थावाट कर्जा लिइ कालो सुचीमा नपरेको हुनुपर्नेछ ।

ग. संस्थाले आफै वा अन्य निकायले आयोजना गरेको लेखापालन वा पर्ल्स विश्लेषण वा लेखा परिक्षण संग सम्बन्धित तालिम लिएको हुनुपर्नेछ । यस भन्दा अगाडी दर्ता भई सञ्चालनमा रहेका सहकारीले यो नियमावली प्रारम्भ भएको मितिले ६ महिनाभित्रमा आफ्ना लेखा सुपरिवेक्षण समितिका संयोजक वा सदस्यहरुको लागि सो सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्नेछ ।

घ. लेखा सुपरिवेक्षण समितिका कम्तिमा एक जना सदस्य लेखा सम्बन्धि ज्ञान भएको सदस्य निर्वाचित गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

## २०. सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिको बैठक :

१. सञ्चालक समितिको बैठक अध्यक्षको निर्देशनमा समितिको सचिवले मिति, समय, स्थान र छलफलका गर्ने विषय तोकि बोलाउनु पर्नेछ ।

२. सञ्चालक समितिको बैठक मासिक रुपमा बस्नेछ तर दुई बैठक बीचको अवधि साधारणतया पैंतालिस दिनभन्दा बढी हुनुहुदैन । तर समितिले उचित ठानेमा आवश्यकता अनुसार सो भन्दा वढि पटक वैठक वस्न सक्नेछ ।

३. उपनियम (२) को अवधिभित्र उपनियम (१) बमोजिमको बैठक नबोलाईएमा बहुमत सदस्यले बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछ र त्यस्तो अनुरोध प्राप्त भएमा अध्यक्षले सात दिनभित्र बैठक बोलाउनुपर्दछ ।

४ उपनियम (३) को अवधिभित्र उपनियम (१) बमोजिमको बैठक नबोलाईएमा बहुमत सदस्यले बैठक बोलाउन उपाध्यक्ष समक्ष लिखित अनुरोध गर्न सक्नेछ र त्यस्तो अनुरोध प्राप्त भएमा उपाध्यक्षले सात दिनभित्र बैठक बोलाउनुपर्दछ ।

५. उपनियम (३) बमोजिमको बैठक नबोलाइएको अवस्थामा बहुमत सञ्चालक सदस्यहरु उपस्थित भई ज्येष्ठ सञ्चालकले बैठकको अध्यक्षता गर्ने गरी बैठक राख्न सक्नेछ ।

६. समितिको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत सञ्चालकहरुबाट प्रमाणित गर्नुपर्नेछ ।

७. समितिको बैठकको गणपुरक संख्या समितिको कूल सदस्य संख्याको बहुमत हुनुपर्नेछ ।

८. बैठकको अध्यक्षता समितिको अध्यक्षले, निज उपस्थित नभएमा उपाध्यक्षले र निज समेत उपस्थित नभएमा सञ्चालकहरु मध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।

९. सामान्यतया लेखा सुपरिवेक्षण समितिको बैठक तिन महिनामा एक पटक बस्नुपर्नेछ ।

१०. लेखा सुपरिवेक्षण समितिले आवश्यकता अनुसार सो भन्दा वढि पटक पनि वस्न सक्नेछ । लेखा सुपरिवेक्षण समितिको नियमित वैठकको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

११. लेखा सुपरिवेक्षण समितिले कम्तीमा प्रत्येक त्रैमासिकमा आन्तरिक लेखा परिक्षण प्रतिवेदन सञ्चालक समिति समक्ष बुझाउनुपर्दछ । साथै अनुसुची ११ को ढाँचामा त्रैमासिक एवं वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१२. सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिमिको वैठक छुट्टै वस्नुपर्दछ, तर वार्षिक समिक्षा, योजना निर्माण जस्ता वैठकहरुमा संयुक्त रुपमा समेत वस्न सक्नेछ ।

## २१. उद्देश्य विपरित कार्य गरेको मानिने :

१. बचत तथा ऋणको मूख्य कारोबार गर्ने बहुउद्देश्यीय वा विषयगत संस्थाले ऐनको दफा ३९ को उपदफा (२) मा निर्धारित समयभित्र बचत तथा ऋणको मूख्य कारोबार नहुने गरी दर्ता हुँदाको बखतमा उल्लेख गरीएको मूख्य कारोबार नगरेको खण्डमा त्यस्तो संस्थाले ऐनको दफा (६६) को उपदफा (३) को खण्ड (घ) को प्रयोजनार्थ उद्देश्य विपरित कार्य गरेको मानिनेछ ।

## २२. वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने :

१. बचत तथा ऋणको मूख्य कारोबार गर्ने सहकारीले गाउँपालिकाले तोकेको ढाँचामा वार्षिक साधारण सभा पश्चात कम्तिमा १ पटक र अन्य सहकारी संस्थाहरुले वार्षिक एकपटक सार्वजनिक स्थल वा गाँउपालिका वा वडा कार्यालयको सुचना पाटी वा स्थानीय पत्रपत्रिका मार्फत आफ्नो वित्तीय तथा प्रगति विवरण सार्वजनिक गर्नुपर्नेछ ।

२. सहकारी संस्थाका लेखा सुपरिवेक्षण समितिले वार्षिक रुममा वित्तिय तथा प्रगति प्रतिवेदन साधारण सभा मार्फत सार्वजनिक गर्नुपर्दछ ।

३. सहकारी संस्थाले मासिक रुपमा तयार गरी सहकारी शाखामा वुझाउने वित्तिय तथा प्रगति विवरणको संक्षिप्त अंश सवै सदस्यहरुले देख्ने गरी संस्थाको सुचना पाटीमा टाँस गरी राख्नुपर्नेछ ।

# परिच्छेद -५

# वचत तथा ऋण परिचालन

## २३. बचत तथा ऋणको कारोबार सम्बन्धि विशेष व्यवस्था

वचत तथा ऋण सहकारी संस्थाका अलवा अन्य प्रकृतिका सहकारी संस्थाहरुले वित्तीय(बचत तथा ऋण) कारोबार सञ्चालन गर्दा देहायका मापदण्ड भित्र रहि कार्यसम्पादन गर्नुपर्दछ ।

१. रु १० लाखभन्दा वढिको वचत(निक्षेप) स्वीकार गर्दा सम्पती शुद्धिकरण निवारण निर्देशिका बमोजिम आयश्रोत खुल्ने गरी लेखा राख्ने व्यवस्था गर्नुपर्दछ ।

२. रु १० लाखभन्दा वढिको ऋण लगानीमा अनिवार्य सुचिकृत भएका संस्थागत मुल्याङ्ककर्ता (भ्यालुएटर) वाट धितो मुल्याङ्कन गरी लगानी गर्नुपर्दछ ।

३. संस्थाका संचालक एवं लेखा सुपरिवेक्षण समितिका ४९ प्रतिशत भन्दा वढि पदाधिकारीहरुलाई एकै अवधिमा ऋण लगानी गर्न पाइने छैन ।

४. संस्थाका संचालक, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, सल्लाहकार, उपसमितिका पदाधिकारी तथा कर्मचारी र तिनका परिवार समेतले लिएको कर्जा कारोवारको विवरण अर्धवार्षिक रुपमा तोकिएको ढाँचामा गाउँपालिकाको सहकारी शाखामा वुझाउनुपर्दछ ।

५. संस्थाले आफ्ना सदस्यहरुलाई ऋण लगानी गर्दा उचित धितो, जायजेथा र वचत रोक्का राखी ऋण लगानीको व्यवस्था मिलाउनुपर्दछ । धितो तथा जायजेथा जमानी नभएमा सदस्यहरुका लागि स्वीकृत निति तथा कार्यविधिमा तोकिए बमोजिमको रकम सदस्यहरुलाई सामुहिक जमानी रहने गरी विना धितो लघु ऋण लगानी गर्न सक्नेछ । तर नेपाल सरकार प्रदेश सरकार र माछापुच्छ्रे गाउँपालिकाले सञ्चालन गरेको घुम्ती कोष, युवा तथा साना व्यवसायी स्वरोजगार कोष तथा अन्य दातृ निकायवाट सहकारी मार्फत प्रदान गरिने विना धितो सहुलियतका ऋणको हकमा भने सो भन्दा वढि लगानी गर्न वाधा पर्नेछैन ।

६. सहकारी संस्थाले आफ्ना सदस्यहरुलाई चल अचल सम्पति रोक्का राखी ऋण लगानी गर्दा निजको नाममा मुलुकभरको जुनसुकै स्थानमा रहेको घर जग्गा वा अन्य सम्पति सुरक्षण वापत लिन सक्नेछ । उक्त सम्पति सम्बन्धित मालपोत कार्यालयवाट रोक्का वा धितो वन्धक लेखि लिनुपर्नेछ । तर कार्यक्षेत्र भन्दा वाहिरको घरजग्गा रोक्का रहको सदस्यको स्थायी ठेगाना वा स्थायी वसोवास भने सम्बन्धित सहकारीको स्वीकृत कार्यक्षेत्र भित्र रहेको हुनुपर्दछ ।

७. सहकारी संस्थाले सदस्यहरुसंग कर्जामा लिने व्याज समदर वा चक्रवृद्धि दरमा लगाउन पाइने छैन । कर्जा र वचतमा व्याजदर निर्धारण गर्दा सदस्यहरुवीच विभेदकारी व्यवस्था र व्यवहार गर्न पाइनेछैन । तर वित्तीय अनुशासन कामय राख्न र कर्जामा किस्ता नियमित गराउन कर्जामा भाखा नघाउने सदस्यहरुको हकमा भने वार्षिक साधारण सभाले पारित गरेको कर्जा नीतिका आधारमा तोकिएको हर्जाना लिन वाधा पर्नेछैन ।

८. सदस्यहरुलाई आधुनिक र प्रतिश्पर्धी विद्युतीय सेवा प्रदान गर्न विश्वसनिय भरपर्दो एवं दर्तावाला कम्पनीहरुसंग सम्झौता गरी सफ्टवेयर, इटरनेट वैकिङ्ग, एसएमएस सेवा, मोवाइल वैकिङ्ग तथा एटिएम सेवा जस्ता आधुनिक प्रविधि संचालन गर्न सक्नेछन्, तर सो सेवाहरु प्रदान गर्नु पुर्व संस्थाको वित्तीय सक्षमता, सेवाको निरन्तरता एवं सदस्यहरुको मागलाई समेत ध्यान दिइ कार्यविधि निर्माण गरी कार्य गर्नुपर्दछ ।

९. सहकारी संस्था संचालन खर्चको सीमा कुल सम्पतिको ५ प्रतिशत हुने गरी व्यवस्थापन गर्नुपर्दछ ।

१०. संस्थाले कुल सम्पतिको ५ प्रतिशत नवढ्ने गरी आयआर्जन नगर्ने सम्पति खरिद वा व्यवस्था गर्न सक्नेछ । तर घरजग्गा कोष खडा गरेर सदस्यहरुको योगदानका आधारमा आयआर्जन नगर्ने घर जग्गा वा भवन निर्माण गर्न यस प्रवधानले वाधा पर्नेछैन ।

११. कुल सम्पतिको ५ प्रतिशत नवढ्ने गरी मात्र वाह्य ऋण स्वीकार गर्नुपर्दछ ।

१२. कुल सम्पतिको १० प्रतिशत तरलता व्यवस्थापन गर्नुपर्नेछ ।

१३. असल (नियमित साँवा व्याज प्राप्त भएको) कर्जाको १ प्रतिशत, १२ महिनासम्म भाखा नाघेको कर्जाको ३५ प्रतिशत र १२ महिना भन्दा वढि भाखा नाघेको कर्जाको १०० प्रतिशत रकम कर्जा जोखिम कोषमा अनिवार्य व्यवस्था गर्नुपर्नेछ ।

१४. वचत तथा ऋणको वित्तीय कारोवार गर्ने संस्थाले गर्न नहुने कामहरु

क) वासलात वाहिरको कारोवार (जस्तै प्रतितपत्र, जमानत आदि)

ख) सदस्यहरुलाई अधिविकर्ष (ओभरड्राफ) कर्जा प्रवाह गर्न पाउनेछैन तर कुल कर्जा रकममा वढिमा १० प्रतिशतमा ननाघ्ने गरी एक वर्षे अवधिको लागि व्याज मात्र तिर्न पाउने सुविधाको कर्जा प्रवाह गर्न वाधा पर्नेछैन ।

ग) व्यापारिक उद्देश्यले घर जग्गाको खरिद बिक्री तथा संचालकहरुको लगानीमा खोलिएको निजि उद्योग व्यवसायमा लगानी गर्न ।

घ) स्पष्ट नीति अनुसार गरिने लघु कर्जा कार्यक्रम वाहेक विना धितो सुरक्षणमा कर्जा प्रवाह गर्न ।

ङ) सुनचादी र शेयर प्रमाणपत्र मात्र धितो राखी कर्जा प्रवाह गर्न ।

च) चल्ती खाता संचालन गर्न ।

छ) विदेशी मुद्राका् कारोवार गर्न तथा विदेशी मुद्रा विनिमय गर्न ।

ज) चिठ्ठा ढुकुटी र उपहार योजना संचालन ।

झ) कार्यक्षेत्र वाहिरका र सदस्य वाहेकका व्यक्ति तथा निकायसंगको कारोवार गर्न ।

## २४. सेवा वा व्यावसायको परिक्षण सम्बन्धि व्यवसाय :

१. सहकारी संस्थाको नियमित सुपरिवेक्षण गाउँपालिकाले पारित गरेको कार्यविधि र मापदण्ड बमोजिम हुनेछ ।

२. परिक्षण कार्यक्रम सञ्चालन गर्ने कार्यको लागि आवश्यकतानुसार प्रदेश सरकार, संघीय सरकार तथा सहकारी संघहरु र सहकारी बैकसंग समन्वय गरीनेछ ।

३. बचत तथा ऋणको कारोबार गर्ने सहकारी बाहेकका उत्पादन, सेवा तथा श्रममा आधारित सहकारी संस्थाहरुले ऐनको दफा (७१) बमोजिम गाउँपालिकाको समन्वयमा वार्षिक रुपमा आफ्नो व्यवसायको गुणस्तरको मापन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

४. सहकारी संस्थाको प्रारम्भिक अनुगमनको वेला देखिएका कमजोरी सच्याउन समय उपलव्ध गराउन पर्नेछ । यसरी उपलव्ध गराएको समयभित्र कमजोरी नसच्याएमा वा सदस्यहरुको उजुरीको आधारमा हिसाव

जाचको लागि गाउँपालिकाले सघन अनुगमन गराउन सक्नेछ । सघन अनुगमन पश्यात देहायको अवस्थामा एकीकरण वा विघटनको आदेश दिन सक्नेछ र यस्तो आदेशको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

क) संस्थाको विगत ३ वर्षको अवधिमा कारोवार र सदस्यता वृद्धि १० प्रतिशत भन्दा कम भएमा ।

ख) दोहोरो सदस्यता भएका एउटै कार्यक्षेत्रमा सञ्चालनमा रहेका सदस्यहरु विच,

ग) सुपरिवेक्षण प्रतिवेदनको आधारमा संस्थाको व्यवस्थापन कमजोर भई सुधारको सम्भावना नभएमा

घ) विगत ३ वर्ष देखि संस्थाको वित्तीय कारोवार नभएको वा वित्तीय अवस्था ऋणात्मक रहेको र समितिको नियमित वैठक तथा समन्वय नदेखिएमा ।

ङ) ३ वर्ष देखि कारोवारको लेखा परिक्षण र साधारण सभा नगरेको पाईएमा ।

## परिच्छेद-६

## कोष सम्बन्धि व्यवस्था

### २५. कोष सम्बन्धि व्यवस्था :

१. ऐनको दफा ४७ को उपदफा (२) (क) बमोजिम सहकारी संस्थाको एक आर्थिक वर्षको खुद बचतको रकमबाट कम्तीमा २५% (पच्चिस प्रतिशत) जगेडा कोषमा जम्मा गरी बाँकी रहेको रकमलाई शत प्रतिशत मानी सो बाट कम्तीमा २५% पच्चिस प्रतिशत रकम ऐनको दफा ४८ बमोजिम संरक्षित पुँजी फिर्ता कोष ऐनको दफा ४९ बमोजिम शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम सहकारी प्रवर्द्धन कोषमा छुट्टयाएर बाँकी रहेको कोष लाई शतप्रतिशत मानी देहायको कोषहरुको व्यवस्था गर्नुपर्नेछ ।

(क) शेयर लाभांश कोष

(ख) कर्मचारी बोनस कोष

(ग) सहकारी शिक्षा कोष

(घ) स्थिरीकरण कोष

(ड.) सदस्य हित कोष

(च) सामुदायिक विकास कोष

२. उपनियम (१) को खण्ड (ख) बमोजिमको कर्मचारी बोनस कोषबाट रकम वितरण गर्दा बढीमा तीन महिनाको तलब भन्दा बढी नहुने गरी वितरण गर्नुपर्नेछ ।

३. कर्जा सुरक्षण कोषको लागि संस्थाको विनियममा तोकिए बमोजिम व्यवस्था गर्नुपर्नेछ ।

४. सहकारी प्रवर्द्धन कोष र स्थिरिकरण कोषको व्यवस्थापन संघीय सहकारी ऐन र प्रदेश सहकारी ऐनमा व्यवस्था भए बमोजिम परिचालन हुनेछ भने अन्य कोषहरु संस्थाको सञ्चालक समितिले संस्थाको हितको लागि आवश्यक कार्यविधी बनाई परिचालन गर्न सक्नेछ ।

५. उपरोक्त कोषहरुमा कम्तिमा ५ प्रतिशत नघट्ने गरि व्यवस्था गर्नुपर्नेछ ।

## २६. संरक्षित पुँजी फिर्ता कोष वितरणका आधार :-

१. ऐनको दफा (४८) को उपदफा (३) बमोजिम संरक्षित पुँजी फिर्ता कोषको वितरण गर्दा देहाय बमोजिमको वार्षिक कारोबारको आधार लिनुपर्नेछ ।

(क) उत्पादक संस्थामा सदस्यले संस्थालाई बिक्री गरेको उपजको खरिद मूल्य

(ख) वित्तीय संस्थामा सदस्यले जम्मा गरेको बचतमा प्राप्त ब्याज र लिएको ऋणमा तिरेको ब्याज

(ग) उपभोक्ता सम्बन्धि संस्थामा सदस्यले संस्थासंग खरिद गरेको वस्तु वा सेवाको मूल्य

(घ) श्रमिक सम्बन्धि संस्थामा सदस्यले संस्थाबाट प्राप्त गरेको ज्याला

(ङ.) बहुउद्देश्यीय संस्थामा खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेख भए बमोजिम

२. उपनियममा (१) को खण्ड (क) मा जुनसुकै व्यवस्था गरिएको भएता पनि उत्पादक संस्थाले सदस्यलाई आवश्यक सामग्री बिक्री गरेकोमा त्यस्तो कारोबारलाई समेत गणना गर्न सकिनेछ ।

३. उपनियम (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणको भाखा नघाएको सदस्यलाई त्यस्तो ऋणमा तिरेको व्याजको आधारमा संरक्षित पुँजी फिर्ता दिइनेछैन ।

४. उपनियम (१) को खण्ड (ख) बमोजिम कोषको रकम वितरण गर्दा बचतमा प्राप्त गरेको ब्याज तर्फ चालिस प्रतिशत र ऋणमा तिरेको ब्याजतर्फ साठी प्रतिशत भार दिई गणना गरिनेछ ।

५. गत आर्थिक वर्षको कारोबारको संरक्षित पुँजी फिर्ता कोषको रकम चालू आर्थिक वर्षभित्र वितरण गरिसक्नु पर्नेछ ।

६. उपनियम (५) बमोजिम कुनै आर्थिक वर्षमा वितरण हुन नसकी बाँकी रहेको रकम सोही आर्थिक वर्षको अन्त्यमा जगेडा कोषमा सार्नुपर्नेछ ।

## २७. अभिलेख व्यवस्थापन :

१. ऐनको दफा (५०) को उपदफा (२) बमोजिम सहकारी संस्थाले आफ्नो कार्यसञ्चालन अभिलेखका साथै आफुले गरेको कारोबारको लेखा संघीय कानूनले तोकेको लेखामान तथा ढाँचामा राख्नुपर्नेछ ।

२. उपनियम (१) बमोजिम अभिलेख तथा लेखा राख्दा अन्य कुराका अतिरिक्त देहायका किताब, खाताबही तथा विवरण समेत राख्नुपर्नेछ ।

(क) अनुसूची ३, ९, १० र ११ बमोजिमको सदस्यता दर्ता किताब

(ख) प्रारम्भिक साधारण सभा, साधारण सभा, विशेष साधारण सभा र समिति, लेखा सुपरिवेक्षण समिति, उप-समितिहरूको बैठकहरूको छुट्टाछुट्टै कारबाई किताब,

(ग) नगदी बही,

(घ) सहकारी संस्थाले अन्य कुनै व्यक्ति वा संस्था वा संघ वा निकायसँग कुनै कारोबार गरेको भए सो कारोबार देखाउने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताब,

(छ) ऋण लेनदेन दर्ता किताब,

(ज) बेरुजु एवं सम्परीक्षण खाता,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्वसम्बन्धी अलग-अलग खाता तथा सहायक खाताहरू,

(ञ) सम्बन्धित निकाय वा मन्त्रालयले तोकेको ढाँचाबमोजिमको हिसाब परीक्षा सूची, आय-व्यय र स्थिति विवरण पत्र,

(ट) समय समयमा सम्बन्धित निकाय वा मन्त्रालयहरुले तोकिदिएको अन्य अभिलेख एवं खाताहरू ।

३. रु. ५ करोड भन्दा बढी जायजेथा भएका सहकारी संस्थाले उपनियम (१) बमोजिम राख्नुपर्ने अभिलेख सम्बन्धित निकाय वा मन्त्रालयले तोके बमोजिमको निर्धारक पूरा भएको विद्युतीय उपयोग कार्यक्रमणिका ( एप्लिकेशन सफ्टवेयर) मा समेत व्यवस्थित गर्नुपर्नेछ ।

४. सहकारी संस्थाले आफ्नो संस्थागत तथा व्यावसायिक कारोबारको विवरण सम्बन्धित निकाय वा मन्त्रालयले तोकेको सहकारी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा समेत अनिवार्य प्रविष्ट गर्नुपर्नेछ । तर यसमा लेखिएको कुनै कुराले सदस्यको व्यक्तिगत बचत लगायतका प्रचलित कानुन बमोजिम गोप्य रहने सूचना अलग्गै संरक्षण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

५. सहकारी संस्थाले आधारभूत अभिलेख तथा कारोबारको विवरण पृष्ठसुरक्षा (ब्याकअप) व्यवस्थासहित संरक्षण गर्नुपर्नेछ ।

## परिच्छेद -७

## संस्था एकीकरण, छुट र अनुदान

### २८. सहकारी संस्थाको एकीकरण :

१. ऐनको दफा (६५) बमोजिम दुई वा दुईभन्दा बढी संस्थाहरु एकीकरण गर्दा देहायका शर्तहरु पूरा भएको हुनुपर्नेछ ।

(क) कार्यक्षेत्र एकअर्कोसंग जोडिएको हुनुपर्नेछ ।

(ख) सदस्यहरुको साझा बन्धन समान हुनुपर्ने ।

(ग) एकै वा विषय प्रकृतिका संस्था हुनुपर्ने वा फरक विषय वा प्रकृतिको भए तापनि मूलतः एकै विषयमा प्रतिस्पर्धा भएको हुनुपर्ने ।

(घ) सदस्यको प्रत्यक्ष सहभागिता एवं लोकतान्त्रिक नियन्त्रण कायम रहनु पर्ने ।

२. उपनियम (१) बमोजिम एकीकरण गर्दा साधारणतय मौजूदा संस्थाको कार्यक्षेत्रको आधारमा गाउँपालिकाको वडाहरु भित्र पर्नेगरी गरिनेछ ।

३. गाउँपालिका कार्यक्षेत्रभित्र भएका सहकारी जिल्ला वा प्रदेशभर कार्यक्षेत्र रहेका सहकारी संग एकीकरण गर्न परेमा गाउँपालिका सहकारी शाखाको पूर्व स्वीकृती लिएर मात्र कार्य अगाडि बढाउनु पर्नेछ ।

४. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाको पूर्व स्वीकृति विना मिति २०४९।२।२ अघि दर्ता भएका साझा सहकारी संस्थाहरुलाई एकीकरण गर्न वा त्यस्तो संस्थाको घर जग्गा लगायत स्थिर सम्पत्ति बेचविखन गर्न वा धितो राख्न वा पाँच वर्षभन्दा बढी अवधिको लागि लिजमा राख्न दिनु हुदैन ।

५. महिला मात्रको सहकारी संस्थाको एकीकरण गर्दा महिला सहकारी संग एकीकरण गर्न प्राथमिकता दिनुपर्नेछ तथा विशेष रुपमा पिछडिएका समुदायमा स्थापित सहकारी संस्थाको सांगठानिक गतिशिलतामा असर पर्ने गरी एकीकरण गरिनेछैन ।

६. एकीकरणका अन्य शर्त, आधार र प्रकृया गाउँपालिकाले स्वीकृत गरेको एकीकरण कार्यविधी बमोजिम हुनेछ ।

७. पूर्व स्वीकृति लिइसकेका सहकारी संस्थाहरुले संचालक समितिहरुको संयुक्त वैठकले एकीकरणको निम्ति आवश्यक सर्त र कार्यविधि तयार पार्न बढिमा ५ सदस्यीय संयुक्त एकीकरण कार्यदल गठन गरी कार्यदलका प्रतिवेदनका आधारमा एकीकरण हुने संस्थाहरुको संयुक्त लेखापरिक्षण गराइ आ-आफ्नो साधारण सभावाट स्वीकृति गरी संयुक्त साधारण सभावाट वाँकी कार्य सम्पादन गराउनुपर्दछ ।

८. एकीकरणका लागि अन्य प्रक्रिया सहकारी संघ संस्था एकीकरण सम्बन्धि कार्यविधि २०७० ले तोके बमोजिम गर्नुपर्नेछ । गाउँपालिकाले कुनै थप सर्त आधार र कार्यविधि तोक्नपर्ने भएमा दर्तागर्ने अधिकारीले तोक्न सक्नेछन् ।

## २९. रजिष्ट्रेशन छुट सम्बन्धि व्यवस्था

१. सहकारी संस्थाले आफ्नो प्रयोजनको लागि घर जग्गा खरिदमा रजिष्ट्रेशन शुल्क छुट सुविधाको सिफारसि माग गर्दा श्रोतको आधार खुलाई माग गर्नु पर्नेछ । विभागले जारी गरेको मापदण्ड, कार्यालयको निर्देशन र सहकारीको मुल्य मान्यता र सिद्धान्तहरुको पालना नगरेको पाइएमा यस्तो सुविधा उपलव्ध गराइने छैन । वचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थाको हकमा जगेडा कोषको ५० प्रतिशत वा संस्थागत पूँजी र कुल सम्पतीको अनुपात १:१० कायम गरि थप पूँजी निर्माण गरेर मात्र घर जग्गा खरिद गर्नु पर्नेछ ।

२. उपदफा १ बमोजिम छुट सुविधाका लागि साधारण सभाको स्वीकृति, घर जग्गा खरिदका लागि पर्याप्त जगेडा कोष वा शेयर पूँजी भए नभएको विवरण प्रमाणित हुने लेखापरिक्षण प्रतिवेदन र हालको कारोवार खुल्ने कागजात प्रचलित मुल्य प्रमाणित हुने कागजात, संचालक समितिको निर्णय र यस अघि छुट सुविधामा खरिद गरिने घर जग्गा संस्थाको कार्यालय, व्यवसाय, पसल, गोदाम संकलन केन्द्र र मेसिनरी उपकरण जडान एवं प्रमुख उद्देश्य अनुरुपको काम गर्ने प्रयोजनका लागि मात्र हुनेछ । उद्देश्य विपरित कार्यमा छुट सुविधामा खरिद गरिएको सम्पतिको प्रयोग गरिएको पाइएमा छुट भएको राजश्व सरकारी वाँकी सरह असुल उपर गर्न सम्बन्धित निकायमा लेखि पठाइनेछ ।

## ३०. सहुलियत, अनुदान तथा छुट सुविधा प्राप्ती :

१. ऐनको दफा (५७) को उपदफा (१) र (२) मा उल्लेखित छुट सुविधा र सहुलियत स्थानीय राजपत्रमा प्रकाशित सूचना बमोजिम हुनेछ ।

२. ऐनको दफा (५७) को छुट, सुविधा, प्रोत्साहन र सहुलियत सहकारी समितिले सिफारिस गरे बमोजिम हुनेछ ।

३. उपनियम (२) बमोजिम छुट सुविधा प्रोत्साहन र सहुलियत प्राप्तीको लागि सिफारिस गर्ने सर्त, आधार र प्रकृया गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

४. उपदफा (१),(२) र (३) मा जे सुकै विषय लेखिएको भएतापनि एकीकरणमा आउने सहकारीलाई थप एक सदस्य सेवाकेन्द्र वा बिक्रीकेन्द्र स्थापना गर्न र गाउँपालिकाबाट लिईने एक आर्थिक वर्षको व्यवसाय कर छुट प्रदान गरीनेछ ।

५. सहकारी संस्थाले विभिन्न परियोजनाहरु जस्तै : उत्पादन, बजारीकरण, प्रशोधन, सेवा आदि सञ्चालन गर्न तथा सहकारी व्यवसाय प्रवर्द्धन गर्न देहाय बमोजिम अनुदान दिन सक्नेछ :

(क) बिउपुँजी अनुदान,

(ख) पुँजीगत अनुदान,

(ग) कार्यक्रम अनुदान ।

६. उपनियम (५) बमोजिम प्रदान गरिने अनुदान गाउँपालिकाले निर्धारण गरेको कार्यविधी बमोजिम हुनेछ

## ३१. गाउँपालिका सहकारी साझेदारी कार्यक्रम

१. सहकारी संस्थाले उत्पादन संकलन र वजारिकरण आदि कार्यक्रम मार्फत मुल्य ऋृखलामा प्रत्यक्ष प्रभाव पर्ने कार्यक्रम सञ्चालन तथा सहकारी शिक्षा, तालिम, गोष्ठि आदिमा गाउँपालिका सहकारी विच साझेदारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२ उपदफा २ अनुसारको कार्यक्रम सञ्चालन गर्न सहकारी संस्था र गाउँपालिका बिच सम्झौता तयार गरी सोको दुवै पक्षले पालना गर्नु पर्नेछ ।

# परिच्छेद -८

# ऋण असुली र लिलामी

## ३२. ऋण तथा बाँकी बक्यौता असुली :-

१. ऐनको दफा (५८) बमोजिम संस्थाको बाँकी बक्यौता असुल उपर गर्नुपर्ने व्यक्तिको जायजेथा लिलाम बिक्री गरी असुल उपर गर्दा संस्थाले देहायका कार्यविधि अपनाउनु  पर्नेछ ।

(क) बाँकी बक्यौता तिर्न बुझाउनु पर्ने ठहर भएको व्यक्तिको नाममा पैंतीस दिनभित्र तिर्न बुझाउनु पर्ने रकम तिर्न, बुझाउनु, आउनु र उक्त रकम तिरी बुझाइ सकेको भए त्यसको प्रमाण पेश गर्न आउनु भनी पूर्जी पठाउनु पर्नेछ ।

(ख)  खण्ड (क) बमोजिम म्याद पूर्जी जारी गरीएकोमा उक्त म्याद भित्र तिर्नु बुझाउनु पर्ने रकम तिर्न बुझाउन नआएमा वा तिरी बुझाइसकेको प्रमाण पेश गाउँमा निजको नाउँमा लिलाम बिक्री गर्ने सूचना प्रकाशित गर्नु पर्नेछ ।

(ग) धितो राखेको घर जग्गा जमीन मालपोत कार्यालयबाट रोक्का गराइएको छैन भने रोक्का गर्न लगाई त्यसको प्रमाण राख्नु पर्नेछ ।

(घ) धितो राखेको चल-अचल सम्पत्तिको लिलाम बिक्रीको सूचना प्रकाशित गर्नु पर्दा धितोको विवरण, निजले बुझाउनु पर्ने साँवा, व्याज र हर्जानाको रकम समेत उल्लेख गरी सूचना प्रकाशित गरेको मितिले चल सम्पत्ति भए पन्ध्र दिनभित्र र अचल सम्पत्ति भए पैंतीस दिन भित्र लिलाम बिक्री गरी साँवा ब्याज र हर्जनाको रकम असूल उपर गर्ने बारेको सूचना संस्थाको कार्यालय, माछापुच्छ्रे गाउँपालिकाको कार्यालय, सम्बन्धित वडा कार्यालय, सार्वजनिक स्थान र सम्बन्धित ऋणीलाई बुझाई वा पत्र बुझ्न नमानेको हकमा घरद्धारमा टाँस गरी स्थानीय वा राष्ट्रिय स्तरको कुनै एक दैनिक पत्रपत्रिकामा प्रकाशित गर्नुपर्नेछ ।

(ङ) लिलाम बिक्रि गर्नु पूर्व संस्थामा रहेको धितोको प्राविधिक मूल्यांङ्कन गर्नु पर्नेछ ।

(च) लिलाम बिक्री गर्दा कार्यालय खुल्ने समयदेखि शुरु गरी बन्द हुने समय भन्दा एक घण्टा अगाडि समाप्त गर्नु पर्नेछ तर लिलाम बिक्री हुने भनी तोकिएको दिन विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही स्थान र समयमा लिलाम बिक्री गर्नु पर्नेछ ।

(छ) धितो लिलाम बिक्री को लागि सम्बन्धित वडाको निर्वाचित प्रतिनिधि, स्थानीय तहको मालपोत हेर्ने कर्मचारी, सम्बन्धित विषयका प्राविधिक, सहकारी संघका प्रतिनिधी, सम्बन्धित संस्थाको व्यवस्थापक वा सञ्चालक समितिका पदाधिकारी सहितको समितिले चलनचल्तीको मोल कायम गरी गरी सोही रकमबाट डाँक बढाबढ गरी शुरु गर्नुपर्नेछ । डाँक बोल्न उपस्थित भई डाँक वढावढ गर्ने व्यक्तिहरू मध्ये सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम बिक्री स्वीकृति गर्नुपर्नेछ । तर, सञ्चालक समितिका पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी, उप समितिका पदाधिकारी, संस्थामा कार्यरत कर्मचारी र निजका नजिकका नातेदारले डाँक बढाबढमा भाग लिन पाउने छैन ।

(छ)  डाँक बोल्न शुरु गरी बढाबढ गर्नेले डाँक अंक बोलेपछि विनियम र कार्यविधिले तोके बमोजिमको ढाँचाको फाराममा निजले बोलेको अंक स्पष्ट खोली निजको सही छाप गराउनु पर्नेछ ।

२. उपनियम (१) बमोजिम लिलाम बिक्री गर्दा जिल्ला प्रशासन कार्यालय वा लिलाम बिक्री हुने ठाउँ नजिक कुनै सरकारी कार्यालय भए सो कार्यालय र माछापसच्छे गाउँपालिका वा मातहतका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी मुचुल्का गराई लिलाम बिक्री गर्नुपर्नेछ ।

३. लिखित रूपमा अनुरोध गर्दा पनि उपनियम (२) मा लेखिएका कुनै कार्यालयको प्रतिनिधि खटी नआएमा उपस्थित प्रतिनिधि र माछापुच्छ्रे गाउँपालिका वा मातहतका वडा कार्यालयका प्रतिनिधिलाई साक्षी राखी लिलाम बिक्री गर्नुपर्नेछ ।

४. बाँकी बक्यौता असुल उपर गर्न जुन व्यक्तिको चल अचल सम्पत्ति लिलाम बिक्री गरिने हो सो व्यक्तिलाई लिलाम बिक्री हुने समय र ठाउँ तोकी उपस्थित हुने सूचना पठाउनुपर्नेछ। तर त्यसरी लिलाम बिक्री हुने दिन सरोकारवाला व्यक्ति उपस्थित नभएमा पनि लिलाम बिक्री गर्न बाधा पुगेको मानिने छैन।

५. पहिलो पटक सुचना प्रकाशित भएको मितिले पैतिस दिनमा वोलकवोल गर्ने कोहि व्यक्ति वा संघ संस्था नआएमा पुन दोश्रो पटक १५ दिनको समय दिएर सुचना प्रकाशित गर्नु पर्ने छ।

६. दोश्रो पटकको सुचनाको अवधि भित्र पनि कुनै वोल कवोल कर्ता सम्पर्कमा नआएमा पुन तेश्रो पटक ७ दिनको समय दिएर सुचना प्रकाशित गर्नु पर्ने छ।

७. यसरी तेश्रो पटक सम्म पनि कसैले वोलकवोल नगरेमा पञ्चकृत मुल्यलाई आधार मानि सस्थाले सकार गर्न सक्नेछ।

## ३३. लिलाम बिक्री स्थगित गर्न सक्ने :

लिलाम बिक्रीको सूचना प्रकाशित भैसकेपछि मुनासिव माफिकको कुनै कारण परी सो लिलाम बिक्री स्थगित गर्नु पर्ने देखिएमा लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सहकारी संस्थाले त्यस्तो लिलाम बिक्री केही समयको लागि स्थगित गर्न सक्नेछ।

## ३४. असुल उपर हुन नसकेको रकम अरू जायजेथाबाट असुल उपर गर्ने :

१. धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा आएको रकमबाट साँवा, व्याज र हर्जानाको रकम असुल उपर हुन नसकेमा बाँकी बक्यौता असुल उपर गर्नु पर्ने व्यक्तिको हक भोगको नेपालको जुनसुकै ठाउँमा रहेको सम्पत्तिबाट कार्यविधि अपनाई लिलाम बिक्री गरी असुल उपर गर्नुपर्नेछ।

२. मोहीले लिएको ऋणको हकमा निजले कमाएको वाली लिलाम बिक्री गरी साँवा, व्याज र हर्जनाको रकम असुल उपर गर्नुपर्नेछ।

३. उपनियम (१) र (२), बमोजिम लिलाम बिक्री गर्दा लिलाम बिक्री हुने दिनसम्मको साँवा, व्याज र हर्जानाको रकम असुल उपर गरी बाँकी हुन आएको रकम सरोकारवाला व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ।

## ३५. लिलाम सकार्ने व्यक्तिबाट रकम असुल गर्ने :

१. लिलाम बिक्रीको कार्य सकिना साथ लिलाम सकार गर्ने व्यक्तिबाट सकार गरेको मुल्यको दश प्रतिशत रकम उसै दिन धरौटीको रूपमा लिई राख्नु पर्नेछ र बाँकी नब्बे प्रतिशत रकम लिलाम सकारेको मितिले सात दिनभित्र बुझाइ सक्नु पर्नेछ। उक्त म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी वापत राखेको रकम जफत हुने व्यहोराको कागज गराई राख्नु पर्नेछ।

२. लिलाम सकार्ने व्यक्तिले सकार गरेको मूल्यको दश प्रतिशत रकम सोहि दिन नबुझाएमा निज पछि सबै भन्दा बढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम सदर गर्नु पर्नेछ।

३. लिलाम सकार गर्ने व्यक्तिले यस नियम बमोजिम सकार गरेको पूरा मूल्य बुझाएमा निजको नाउँमा सो जायजेथामा प्रचलित कानुन बमोजिम रजिष्ट्रेशन वा दाखिला खारेज समेत गरी दिनको लागि सहकारी संस्थाले सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

## ३६. लिलाम बिक्री नभएमा जायजेथा सहकारी संस्थाको स्वामित्वमा रहने :

नियम ३२ र नियम ३४ बमोजिम लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारी संस्थाले उक्त जायजेथा स्वामित्व आफुमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित कार्यालयहरुले सहकारी संस्थाको जनाउ बमोजिम आफ्नो कार्यालयमा रहको श्रेस्ता तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज गरिदिनु पर्नेछ ।

## ३७. जायजेथा फिर्ता दिनुपर्ने :

नियम ३२ को उपनियम ७ बमोजिम संस्थाको नाममा कायम हुन आएको जायजेथा छ महिनाभित्र सम्बन्धित ऋणी सदस्यले आफूले तिर्नु बुझाउनुपर्ने साँवा र अघिल्लो दिन सम्मको ब्याज, हर्जाना र लिलाम प्रक्रियासँग सम्बन्धित खर्च समेत चुक्ता गरी फिर्ता लिन चाहेमा सम्बन्धित सहकारी संस्थाले आवश्यक प्रक्रिया पुरा गरि फिर्ता दिनुपर्नेछ ।

## ३८. कर्जा सूचना केन्द्र तथा कालो सूची सम्बन्धी व्यवस्था :

बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको ऋण प्रवाहमा शुद्धता र उपयुक्तता कायम गर्ने प्रयोजनको लागि सो सम्बन्धी सूचना व्यवस्थापन र समय समयमा कर्जा नतिर्ने ऋणीहरुको कर्जाको सूचना प्राप्त गर्न तथा कर्जा दुरुपयोग गर्ने ऋणीहरुको कालो सूची तयार गर्ने कामलाई नियमित तथा व्यवस्थित गरी एउटै स्थानबाट सूचना प्राप्त गर्ने, गराउने कार्य संघिय कानुनले तोकिए बमोजिम हुनेछ ।

## ३९. सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्था :

ऐनको दफा ३९ बमोजिम सन्दर्भ व्याजदर निर्धारण संघिय सहकारी ऐन तथा नियमावली अनुसार संघिय सहकारी विभागका रजिष्ट्रारले तोकेको सन्दर्भ व्याजदार यस ऐन अर्न्तगत दर्ता भएका सहकारी संस्थाहरुलाई समेत लागु हुनेछ ।

# परिच्छेद -९

# निरिक्षण तथा अनुगमन

## ४०. निरक्षिण तथा अनुगमन सम्बन्धि व्यवस्था

१ ऐनको दफा ७१ उपदफा १ बमोजिम संघिय, प्रदेश जिल्ला संघ र स्थानिय जनप्रतिनिधिहरुको सहकार्यमा सहकारी संस्थाहरुमा गरिने निरक्षिण तथा अनुगमन गर्न सकिनेछ ।

२ सहकारी संस्थाले विनियम संसोधन, कार्यक्षेत्र विस्तार, सदस्य सेवा केन्द्र, बिक्री कक्ष आदि स्वीकति दिनु पुर्व सहकारी समितिले अनुगमन गर्न सक्नेछ । नियमनुसार भएको पाइएमा मात्र स्वीकृति प्रदान गरिनेछ ।

३ अनुगमनका क्रममा ऐन नियम निर्देशनको पालना नगरेको पाएमा दर्ता गर्ने अधिकारीले तत्काल वा समय तोकेर सुधार गर्न निर्देशन दिन सक्नेछ ।

४ गाउँपालिकाले अनुसुची १० को अनुगमन फारमको आधारमा संस्थाको अनुगमन गरिनेछ ।

## ४१. एजेन्सी वा स्वीकृति लिई काम गर्न सक्ने :

१. गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुले आफ्नो व्यवसाय विस्तार तथा प्रवर्द्धन गर्न र सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयनका लागि पशु बीमा, वालि विमा तथा अन्य बीमा कम्पनी, रेमिटान्स कम्पनी, मनी चेन्जर कम्पनी, कृषि उत्पादन, व्यावसायिक प्रतिष्ठान वा कम्पनीको उत्पादन वा सेवाको बजारीकरण, बिक्री वितरण र व्यवस्थापन एजेन्सी वा स्वीकृति लिई सहकार्यमा काम गर्न सक्नेछ । तर उक्त सहकार्य वा कामको विवरण गाउँपालिकामा जानकारी दिनुपर्नेछ ।

# परिच्छेद -१०

# विविध

## ४२. विवाद निरुपण समितिको व्यवस्था :

सहकारी सञ्चालन सम्वन्धमा कुनै विवाद भएमा सो सम्वन्धमा समाधान गर्नका लागि विवाद निरुपण समितिको गठन देहाय बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| १. | गाउँपालिका सहकारी समितिको संयोजक वा निजले तोकेको सदस्य | : संयोजक |
| | दर्ता गर्ने अधिकारी | : सदस्य |
| | सम्बन्धित सहकारी संस्थाको प्रतिनिधि | : सदस्य |

कुनै विषयको विषय विज्ञ आवश्यक परेमा सदस्य थप गर्न सकिनेछ ।

२. दुइ वा दुइ भन्दा वढि सहकारी विच विवाद भएमा एक एक जना सदस्य वैठकमा आमन्त्रीत गर्न सकिनेछ ।

३. विवाद निरुपण समितिले समाधान गर्न नसकिमा गाउँपालिकाको न्यायिक समितिले अन्तिम किनारा लगाउन सक्नेछ ।

## ४३. दर्ता गर्ने अधिकारीको काम कर्तव्य :

दर्ता गर्ने अधिकारीको यस नियमावलीमा तोकेको कार्य अतिरिक्त देहाय बमोजिमको काम कर्तव्य र अधिकार हुनेछ ।

(क) सहकारी संस्था दर्ता गर्नका लागि परेका दरखास्त उपर आवश्यक जाँचबुझ गरी निर्णयार्थ सहकारी समितिमा पेश गर्ने र निर्णय पश्चात दर्ता प्रमाणपत्र दिने ।

(ख) ऐन र यस नियमावलीको अधिनमा रहि सहकारी संस्थाले आफ्नो कार्य सञ्चालन गर्न बनाएको बिनियम स्वीकृत गर्ने ।

(ग) ऐन र विनियमको अधिनमा रहि सहकारी संस्थाको एकीकरण, विभाजन, कार्यक्षेत्र पुननिर्धारण गर्ने, सदस्य सेवाकेन्द्र थपघटको कार्य गर्ने ।

(घ) नियमित रुपमा सहकारी संस्थाको निरिक्षण, नियमन, हिसाब जाँच गर्नुका साथै स्थापित सूचना प्रतिवेदन प्रणाालीका आधारमा सहकारी संस्थाहरुको नियमित अनगुगमन गरी आवश्यक निर्देशन दिने ।

(ड.) सहकारी संस्थाको लेखापरिक्षणका नियमित अनुगमन गरी निर्धारित अवधि भित्र लेखापरिक्षण नगराउने सहकारी संस्थाहरुको लेखापरिक्षण गराउने ।

(च) विपन्न ग्रामिण महिला, अपाङ्गता भएका व्यक्ति, भूमिहिन, कृषक, बेरोजगार श्रमिक युवा, दलित तथा अप्पसंख्यक जनजाति समेतका सीमान्तकृत समूहको खेतीपाती वा सदस्यको श्रम वा सीपमा आधारित स्वरोजगारीका उधोगधन्दा प्रवर्द्धन गर्न  योजना तथा कार्यक्रम तर्जूमा गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने ।

(छ) सहकारी संस्थाहरुको विकास, प्रवर्द्धन, स्तरीकरण, सुशासन, व्यावसायिकरण र दिगो सञ्चालनका लागि सहकारी सिद्धान्त, मूल्य मान्यता र आदर्श बमोजिम आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

(ज) सहकारी शिक्षा तथा तालिम कार्यक्रमहरुको तर्जूमा गरी सञ्चालन गर्ने ।

(झ) ऐन, नियमावली र यस अर्न्तगत बनेका मापदण्ड, निर्देशिका, कार्यविधी र विनियम बमोजिम कार्य नगर्ने सहकारी संस्थाहरुलाई ऐनमा भए बमोजिम जरिवाना र अन्य कारबाही गर्ने ।

(ञ) सहकारी शाखा अर्न्तगतको नीति, कार्यक्रम र बजेटको मस्यौदा तयार पारि सहकारी समितिमा पेश गर्ने ।

(ट) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सहकारी संस्थाको वार्षिक निरिक्षण प्रतिवेदन गाउँपालिकामा पेश गर्ने ।

(ठ) ऐन, नियमावली र यस अर्न्तगत बनेका निर्देशका, कार्यविधी र मापदण्ड बमोजिम तथा सहकारी समिति र कार्यपालिकाबाट प्राप्त निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

## ४४. श्रम ऐन लागु हुने :

सहकारी संस्थाहरुले संस्थामा कार्यरत कर्मचारीहरुको रोजगारीको हित र सम्मानको न्यूनतम मापदण्ड पुरा गर्नुपर्दछ । श्रम ऐन, २०७४, वोनस ऐन, २०३० तथा प्रचलित कानुनले व्यवस्था गरे बमोजिम कर्मचारी प्रशासन नियमावली वनाई उनीहरुको सेवा, सुबिधा, कर्तव्य र अधिकारको सुनिश्तिता गराउनुपर्दछ ।

## ४५. सहकारी शिक्षाको व्यवस्था :

गाउँपालिकामा संचालित सहकारी संस्थामा आवद्ध संचालक लेखा तथा विभिन्न उपसमितिका सदस्य शेयर सदस्य एव कर्मचारी र स्थानीय नागरिकहरुलाई सहकारी शिक्षा प्रदान गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

१ सहकारी संस्थाको संचालक कर्मचारीहरुलाई लक्षित गरी सहकारी व्यवस्थापन, क्षमता विकास, नेतृत्व विकास पर्ल्स अनुगमन विश्लेषण, रणनैतिक योजना निर्माण सम्बन्धि तालिम दिनुपर्नेछ

२ उत्पादन संकलन तथा बजारिकरणमा सहयोग पुग्ने गरि सदस्यहरुलाई तालिम उपलव्ध गराउनु पर्नेछ।
३. स्वरोजगार मुलक व्यवसाय छनौट र त्यसका लागि आवश्यक सिप हस्तान्तरण सम्बन्धि तालिमको प्रवन्ध मिलाउनु पर्नेछ।

## ४६. अनुसुचीमा थपघट वा हेरफेर गर्न सक्ने :

गाउँपालिकाले आवश्यकता देखेमा स्थानीय राजपत्रमा सुचना प्रकाशन गरी अनुसूचिमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।

## ४७. बचाउ :

यस अघि यस नियमावलीको प्रतिकुल नहुने गरी भई गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

माछापुच्छ्रे गाउँपालिका

**नियम ६ को उपनियम १ खण्ड (क) संग सम्बन्धित:**

## अनुसूची १

दर्ता दरखास्तको नमुना

मिति : २० ... . ...

श्री दर्ता गर्ने अधिकारी ज्यू,
माछापुच्छ्रे गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय ।

विषय : सहकारी संस्थाको दर्ता ।

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौं ।

**संस्था सम्बन्धी विवरण :**

(क) प्रस्तावित संस्थाको नाम :-

(ख) ठेगाना :-

(ग) उद्देश्य :-

(घ) मुख्य कार्य :-

(ङ) कार्यक्षेत्र :-

(च) दायित्व :-

(छ) सदस्य सङ्ख्या :-

(१) महिला ........ जना (२) पुरुष ......... जना (३) जम्मा ........... जना

(छ) प्राप्त शेयर पूँजीको रकम :– रु. ....

(ज) प्राप्त प्रवेश शुल्कको रकम :- रु. ..... .

आवेदन दिने,
प्रस्तावित सहकारी संस्थाको तर्फबाट अधिकार प्राप्त व्यक्तिको
नाम : हस्ताक्षर :

माछापुच्छ्रे गाउँपालिका

**संस्था दर्ता प्रमाण-पत्रको नमुना**

**माछापुच्छ्रे गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

सहकारी दर्ता प्रमाण-पत्र दर्ता नं. :

माछापुच्छ्रे गाउँपालिका सहकारी ऐन, २०७४ को दफा ..... बमोजिम श्री ... ... ... ... ... ... ... ... ... .लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियमसहित यो प्रमाण-पत्र प्रदान गरीएको छ।

वर्गीकरण : ... ... ... ... ... ... ... ...

दर्ता गरेको मिति :

दस्तखत :

दर्ता गर्ने अधिकारीको नाम :

कार्यालयको छाप :

माछापुच्छ्रे गाउँपालिका

## अनुसूची २

### नियम ६ को उपनियम १ खण्ड (ख) संग सम्बन्धितः

### <u>सम्भाव्यता अध्ययन प्रतिवेदनको विषय वस्तुः</u>

१. परिचयः-

२. संस्था गठन गर्नुपर्नेको कारणः-

३. सदस्यताको जनसंख्याको आधारः-

४. सहभागिताको औचित्यः-

५. व्यावसायिक सम्भाव्यताः-

५.१. सदस्य केन्द्रीयताका आधारमा व्यावसायिक कारोबारको अनुमानः-

५.२. सदस्यहरूको संरक्षण (Patronage) सुनिश्चित गर्ने आधारहरूः-

५.३. कारोबारबाट हुने बचत (Surplus) को प्रक्षेपणः-

६. पुँजी आवश्यकता र स्रोतः-

  ६.१ आवश्यकताको अनुमानः-

  ६.२ स्रोतः-

  ६.३ पुँजी परिचालनका तर्कसम्मत आधारहरूः-

७. बजार विश्लेषणः-

७.१ नजिकको बजारः-

७.२ टाढाको बजारः-

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा टिक्ने आधारहरूः-

८. कार्यक्षेत्रभित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरूको संख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्यः-

९. पहिले स्थापना भइसकेका समान प्रकृतिका संस्थाहरूमा संलग्न हुन नसक्ने कारणः-

१०. महिला सशक्तीकरण र सामाजिक समावेशीकरणका आयामहरूः-

११. जनशक्ति व्यवस्थाः-

१२. संस्थाको विकास र स्थायित्वका आधारहरूः-

मालपोत्नाउँपालिका

**अनुसूची ३**

**नियम ६ को उपनियम १ (ग) संग सम्बन्धितः**

आवेदकहरूको विवरण फाराम

| क्र सं. | बाजेको नाम, थरः | बावुको नाम, थरः | पति वा पत्नीकोः | आवेदकको नाम, थर | उमेर | ठेगानाः | सदस्यले लिन स्वीकार गरेको सेयर विवरणः | | | सम्पर्क नं. | औठाको छापः | फोटो र फोटोमा पर्ने गरीछापः |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रति सेयर रकम | खरिद सेयर संख्या | सेयरको जम्मा रकम | | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |

माछापुच्छ्रे गाउँपालिका

## अनुसूची ४

## (नियम ६ को उपनियम १ खण्ड (घ) सँग सम्बन्धित)

## व्यावसायिक कार्ययोजनाको रूपरेखाः

संस्था/संघको नामः-

ठेगानाः- माछापुच्छ्रे गाउँपालिका वडा नं. ........ गाउँ / टोलः ..........................

कास्की, गण्डकी प्रदेश ।

क. उद्देश्यः-

१. ............... ................. ................. .................. ..............

२. ............... ................. ................. .................. ..............

३. ............... ................. ................. .................. ..............

ख. कार्यहरूः-

१. ............... ................. ................. .................. ..............

२. ............... ................. ................. .................. ..............

३. ............... ................. ................. .................. ..............

४. ............... ................. ................. .................. ..............

ग. संस्थाको सदस्य विस्तारका लागी आगामी ३ वर्ष पछिको प्रक्षेपणः

ग.१. सदस्यता विस्तार लक्ष्यः-

| क्र सं. | विवरण | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सदस्य संख्याः | | | | | |
| | १. | महिला | | | | |
| | २. | पुरुष | | | | |
| | जम्मा | | | | | |
| २. | सदस्य संख्या प्रतिशतमा | | | | | |
| | १. | दलित | | | | |
| | २. | अल्पसंख्यक | | | | |
| | ३ | जनजाती | | | | |
| | ४. | अन्य | | | | |
| | जम्मा | | | | | |

माछापुच्छ्रे गाउँपालिका

ग.२.  व्यवसायिक सेवा बिस्तार लक्ष्यः-

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्यको उत्पादन खरिद | | | | |
| परिणामः | | | | |
| रकम रु | | | | |
| लाभान्वित हुने सदस्य जना | | | | |
| सदस्यलाई वस्तु वा सेवा बिक्री | | | | |
| परिमाण ( ........) | | | | |
| रकम रु | | | | |
| लाभान्वित हुने सदस्य जना | | | | |
| सदस्यलाई रोजगारीको सृजना<br>प्रत्यक्ष पूर्णकालिन (...... जना)<br>अप्रत्यक्ष पूर्णकालिन वर्षमा २०८० घण्टाको १ जनाको हिसावमा जम्मा ( ........ जना) | | | | |
| सदस्यलाई ऋण सेवा (वार्षिक)<br>रकम रु<br>जनाः ........ | | | | |
| सदस्यलाई वचत सेवा (वार्षिक)<br>रकम रु<br>जनाः ..... | | | | |

ग.३.  सहकारी गतिविधि विस्तार लक्ष्यः-

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| सदस्यको शिक्षा (वार्षिक जना) खरिदः | | | | |
| गाउँ / टोल उपक्षेत्रिय सदस्य बैठकहरु आयोजना वार्षिक पटकः | | | | |
| समुदायिक विकासका योजनाहरु पटकः | | | | |

घ.	पूँजीको श्रोत र उपयोगः-

| विवरण | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | कैफियत |
|---|---|---|---|---|
| आवश्यकताः | | | | |
| स्थिर पूँजीतर्फ (घर, जग्गा, कारखाना, उपकरण, फर्निचर, आदीः | | | | |
| चालु पूँजीतर्फ (मोज्दात मालसामान, उधारो, बिक्री, नगद् मौज्दात आदीः | | | | |
| ऋण तर्फः | | | | |
| जम्माः | | | | |
| श्रोतः | | | | |
| सेयर पूँजीः | | | | |
| जगेडा कोषः | | | | |
| अन्यः | | | | |
| सदस्यको बचत (सदस्यहरुलाई ऋण दिन मात्र) | | | | |
| जम्मा | | | | |

ङ.	कार्यान्वयन जिम्मेवारी बाँडफाँड

ङ.१.	सञ्चालक समितिको जिम्मेवारीः

ङ.२.	गाउँ / टोल / उपक्षेत्रीय बैठकको जिम्मेवारः

ङ.३.	लेखा सुपरिवेक्षण समितिको जिम्मेवारीः

ङ.४.	व्यवस्थापन कर्मचारीको जिम्मेवारीः

च.	कार्ययोजनाबाट सदस्यहरुको जीवनमा पार्ने प्रभावका सूचकहरुः

छ.	कार्यान्वयन प्रगतिको समीक्षा एवं जवाफदेही स्थापना विधिः

## अनुसूची ५

## भर्पाईको नमुना

## नियम ६ को उपनियम (२) को खण्ड(ङ) सँग सम्बन्धित)

भर्पाई दादै प्रस्तावित................................ सहकारी संस्था लि. को तदर्थ सञ्चालक समितिका ....................... श्री ........................ ..........................आगे उक्त सहकारी संस्था लि. का सदस्यहरूको ............प्रारम्भिक भेलाको मिति....................को निर्णय बमोजिम प्रति सेयर रु...........।- का दरले.................. जना बाट जम्मा .................... कित्ताको हुन आउने जम्मा रकम रु. ......................................... (अक्षरेपि रुपैयँ ........................................................................................................... मात्र) र प्रवेश शुल्क प्रति व्यक्ति रु. .........................।- का दरले हुन आउने रु. .....................।- (अक्षरुपि........ ......................................... मात्र) गरी जम्मा रु. .......................।- ( अक्षरुपि............................................................................ मात्र) सहकारी संस्था दर्ता भएपछि संस्थाको नाममा बैंक खाता खोली जम्मा गर्ने कबोल गरी उक्त रकम मैले बुझिलिई यो भर्पाईमा सही छाप माछापुच्छ्रे गाउँपालिकाको कार्यालयमा पेस गरेको छु। प्राप्त रकम हाल मैले (मेरो नाममा रहेको .................................. बैंक लि. को .....................हिसाब नं. ................................................ मा जम्मा गरी बैंक भौचर दाखिला गरेको छु / म संग नगदै राखेको छु) । उक्त रकम संस्था दर्ता भई नियमानुसार संस्थाको आफ्नै खाता नखोले सम्म चलन गाउँ सुरक्षित राख्नेछु र संस्थाको बैंक खाता खोलेपछि तत्कालै दाखिलागर्नेछु । फरक परेमा कानुन बमोजिम कारबाई भएमा मेरो मञ्जुरी छ ।

इति संवत् २०....................साल.....................महिना...............गतेरोज.............शुभम् ।

**अनुसूची ६**

**(नियम ६ को उपनियम (१) को खण्ड(च) सँग सम्बन्धित)**

**तदर्थ सञ्चालक समितिका सदस्यहरूको विवरण फाराम**

| सि. नं. | बाजेको नाम, थर | वुवाको नाम, थर | पति वा पत्नीको नाम, थर | सञ्चालक को नाम, थर | पद | ठेगाना | पेसा | निर्वाचित मिति | बहाल रहने अवधि | औँठा छाप | फोटो र फोटोमा पर्ने गरी सही छाप | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |

महापुस्तकालय नगरपालिका

**अनुसूची ७**

**नियम ६ को उपनियम १ (छ) संग सम्बन्धित**

**स्व-घोषणा-पत्रको नमुना**

प्रस्तावित श्री ................................ सहकारी संस्था लि. दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदक हरूले प्रचलित कानुनसम्मत सहकारी संस्था स्थापना गरी आफ्नो आर्थिक र सामाजिक उत्थान गर्ने कार्यकारण बाहेक अन्य कुनै कार्यकारण नभएको र देहायमा उल्लिखित कुराका साथै अन्य कुनै कुराले सहकारी संस्थाको सदस्यता प्राप्त गरी सेवा उपयोग गर्न अयोग्य नभएको स्व-घोषणा गर्दछौः-

हामी आवेदकहरू कोही पनिः-

१. यही प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य छैनौं,

२. बैंक, वित्तीय संस्था वा अन्य कुनै सहकारी संस्था/संघ/रा. स. बैंकको कानुन बमोजिम कालो सूचीमा परेका व्यक्ति हैनौ,

३. यसअघि सहकारी संस्था खोली सदस्यहरूको रकम हिनामिना गरी कारबाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौँ,

४. सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरमा सजाय पाएका व्यक्ति हैनौँ र

५. सहकारी दर्शन, सिद्धान्त, मूल्य, मान्यता र कानुन बमोजिम स्वावलम्बन र पारस्परिकताको भावनाबाट आफ्नो बहुआयामिक विकासका लागि यस संस्थाको सञ्चालन गर्न मञ्जुर छौं ।

उपर्युक्त बेहोरा ठीक, साँचो हो । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला, बुझाउँला भनी सहीछाप गर्नेः–

| सि.नं. | पद | सदस्यको नाम,थर | नागरिकता नं. र लिएको जिल्ला | हालको ठेगाना र सम्पर्क नम्बर | सहीछाप |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

नोटः आवेदवक सवै शेयर सदस्यहरुको नामावली अभिलेखन गर्नु पर्नेछ ।

## अनुसूची ८

## नियम ६ को उपनियम १ (ज) संग सम्बन्धित

## अधिकार प्रत्यायोजनको नमुना

मिति: २०……।…..।

श्री मान दर्ता अधिकारी ज्यू

माछापुच्छ्रे गाउँपालिकाको कार्यालय

माछापुच्छ्रे कास्की ।

विषय:- अधिकार प्रत्यायोजन ।

महोदय,

यस प्रस्तावित…………………… सहकारी संस्था लि. को मिति २०……।………। …….. मा बसेको दोस्रो प्रारम्भिक भेलाले गरेको निर्णयानुसार संस्था दर्ता गर्ने क्रममा प्रचलित कानुन बमोजिम प्रक्रिया पूरा गर्ने सिलसिलामा हाम्रोतर्फबाट विनियममा सामान्य थपघट गरी प्रमाणीकरण लगायतका आवश्यक काम-कारबाई गर्न निम्न दस्तखत नमुना भएको तदर्थ सञ्चालक समितिका तपशिलमा उल्लेखित पदाधिकारीहरुलाई अधिकार प्रत्यायोजन गरीएको बेहोरा अनुरोध गरीन्छ ।

निजहरूले हाम्रो प्रतिनिधिको रूपमा गरेका सम्पूर्ण कामको जिम्मेवारी लिने गरी हामीले मञ्जुर गर्दछौ ।

**<u>अधिकार प्रत्यायोजन गरीएका पदाधिकारीहरुः</u>**

| क स. | पद | नाम | ठेगाना | दस्तखत नमुना |
|---|---|---|---|---|
| १. | …….. | श्री …………………. | ………………….. | ………………….. |
| २. | …….. | श्री …………………. | ………………….. | ………………….. |
| ३. | …….. | श्री …………………. | ………………….. | ………………….. |

क सं. सदस्यहरूको नाम, थर ठेगाना सहीछाप

१.

२.

३.

द्रस्टव्य:- अधिकार प्रत्यायोजन-पत्रमा आवेदक सबैको विवरण समावेश गर्नुपर्नेछ ।

माछापुच्छ्रे गाउँपालिका

## अनुसूची ९

**(नियम १४ सँग सम्बन्धित)**

| विनियममा उल्लेख गर्नुपर्ने विषयहरूः- | |
|---|---|
| प्रस्तावनाः | (४२) संस्थाको कोष, |
| (१) संक्षिप्त नाम र प्रारम्भ, | (४३) कोषको सुरक्षा, |
| (२) संस्थाको नाम र ठेगाना, | (४४) कोषको उपयोग, |
| (३) परिभाषा, | (४५) जगेडा कोष, |
| (४) उद्देश्य, | (४६) संरक्षित पुँजी फिर्ता कोष, |
| (३) कार्य, | (४७) लाभांश वितरण नगरीने, |
| (६) कार्यक्षेत्र, | (४८) जगेडा कोषमा रकम सार्नुपर्ने, |
| (७) संस्थाको सदस्य, | (४९) बचत सङ्कलन गर्न सक्ने/नसक्ने, |
| (८) सदस्यताको योग्यता, | (५०) बचत सङ्कलनमा सीमा, |
| (९) सदस्यताका लागि निवेदन र प्राप्ति, | (५१) ऋृण दिन सक्ने, |
| (१०) सदस्यताको अन्त्य, | (५२) ऋृण प्रवाहमा सीमा, |
| (११) सदस्यको निष्कासन, | (५३) ऋृण बाहेकको प्रयोजनमा बचतको रकम लगाउन नहुने, |
| (१२) सदस्यताबाटराजीनामा, | (५४) साधारण सभाको स्वीकृति लिनुपर्ने, |
| (१३) पुनः सदस्यता, | (५५) सदस्य केन्द्रीयता, |
| (१४) सदस्यको काम, कर्तव्य र अधिकार, | (५६) स्वार्थ बाझिने निर्णयमा सहभागिताको प्रतिबन्ध, |
| (१५) सदस्यता खुला रहने, | (५७) कर्मचारी सँगको कारोबारमा निर्बन्धन, |
| (१६) सदस्यता प्राप्ति, पुन प्राप्ति र राजीनामा स्वैच्छिक हुनुपर्ने, | (५८) जोखिम मूल्याङ्कन, |
| (१७) सेयर पुँजी, | (५९) कारोबार नगरीने, |
| (१८) सदस्य बन्न कम्तीमा एक सेयर खरिद गर्नुपर्ने, | (६०) कारोबारको लेखा, |
| (१९)थप सेयर खरिद गर्न सक्ने, | (६१) खाताबही, |
| (२०) सेयर फिर्ता वा हस्तान्तरण, | (६२) आन्तरिक हिसाब जाँच, |
| (२१) प्रवेश शुल्क, | (६३) वार्षिक हिसाब जँच, |
| (२२) कृत्रिम छेकबार नलगाइने, | (६४) विद्युतीय प्रणालीको प्रयोग गर्दा जोखिम मूल्याङ्कन गर्नुपर्ने, |
| (२३) सेयर प्रमाण-पत्र, | (६५) अन्य आधारभूत कागजात, |
| (२४) सदस्यको दायित्व सीमित हुने, | |

(२५) प्रारम्भिक साधारण सभा,

(२६) वार्षिक साधारण सभा,

(२७) विशेष साधारण सभा,

(२८) साधारण सभाको बैठक,

(२९) साधारण सभाको काम, कर्तव्य र अधिकार,

(३०) साधारण सभाको निर्णय अनिवार्य हुने,

(३१) गाउँ/टोल/उपक्षेत्रीय बैठक,

(३२) सञ्चालक समिति,

(३३) समितिको बैठक,

(३४) समितिको काम, कर्तव्य र अधिकार,

(३५) लेखा सुपरिवेक्षण समिति,

(३६) उत्तरदायित्व शृखला,

(३७) अध्यक्षको काम, कर्तव्य र अधिकार,

(३८) व्यवस्थापकको नियुक्ति,

(३९) व्यवस्थापकको काम, कर्तव्य र अधिकार,

(४०) विशेष जिम्मेवारी,

(४१) कर्मचारीको नियुक्ति तथा सेवाका सर्त,

(६६) एकीकृत सूचना प्रणालीमा आबद्धता,

(६७) प्रमुख प्रशासकिय अधिकृत वा निजबाट अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवेदन,

(६८) वित्तीय जानकारी एकाइमा प्रतिवेदन,

(६९) साधारण सभामा जानकारी गराउनुपर्ने,

(७०) हकवालाको मनोनयन,

(७१) हक दाबी वा नामसारी,

(७२) निर्वाचन,

(७३) शपथ ग्रहण,

(७४) एकीकरण वा विभाजन,

(७५) कार्यान्वयन अधिकारी,

(७६) मध्यस्थता,

(७७) समानता र समता,

(७८) विनियम संशोधन,

(७९) साधारण सभाले कार्यविधि बनाउन सक्ने,

(८०) व्याख्या गर्ने अधिकार,

(८१) ऐन, नियमावलीसँग बाझिएकोमा अमान्य हुने ।

**अनुसूचि १०**

ऐनको दफा ७१ को उपदफा १ एवं नियमावलीको नियम ४० को उपनियम ४ बमोजिमको

माछापुच्छ्रे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**लाहाचोक, कास्की**

**सहकारी शाखा**

| |
|---|
| फोन : |
| इमेल |

## संस्था अनुगमन फारम

**१) सहकारी संस्थाको नामः- ..................................................................................................**

**२) दर्ता नं :-** ..........दर्ता मिति :- २० । । दर्ता कार्यालय :.........................................................

संस्थाको प्रकृति :-.......................................................

मूख्य कारोबार : ..........................अन्य कारोबार : १......................................२,...................................

गाँउपालिकामा सूचिकृत भए/नभएको ...............भएमा सूचिकृत मिति : .............................

**३) संस्थाको मूख्य कार्यालयको ठेगाना :-...............................................................................**

शाखा कार्यालय/सेवाकेन्द्र/सम्पर्क कार्यालय/बिक्री केन्द्र/फिल्ड कार्यालय .....................................................

संस्थाको कार्यक्षेत्र :- ..............................कार्यक्षेत्र स्वीकृत मिति : ...................................

ईमेल : ............................................वेभसाईट :...............................फोन नं..............................

व्यवस्थापक/कार्यालय प्रमुखको नाम : ........................... सम्पर्क नं.............................................

**४) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको नाम : निर्वाचन भएको मिति .............अवधि......वर्ष**

| क्र.सं | पद | नाम थर | स्थायी ठेगाना | मोबाइल नं. |
|---|---|---|---|---|
| **सञ्चालक समितिको नामावली** | | | | |
| १ | अध्यक्ष | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

माछापुच्छ्रे गाउँपालिका

| | | | | |
|---|---|---|---|---|
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| **लेखा सुपरिवेक्षण समितिको नामावली** | | | | |
| १ | संयोजक | | | |
| २ | | | | |
| ३ | | | | |

सञ्चालक समिति/लेखा समितिको बैठक भत्ता :-रु............ अन्य सुविधा : रु.......................................

उपसमितिको बैठक भत्ता :.........................अन्य सुविधा..................................

सञ्चालक समितिको बैठक विवरण : मासिक/त्रैमाशिक संख्या.......................................

लेखा सुपरिवेक्षण समितिको बैठक विवरण : संख्या......... ...........................

**५) चुक्ता शेयर पूँजी :- ....... ............ (प्रति शेयर रु :- .......... )**

सदस्यको न्यूनतम शेयर रकम :............. अधिकतम शेयर रकम :...................

**६) संचालक समिति/लेखा समिति/उपसमिति र कर्मचारीले लिएको कर्जा विवरण :(अधिकतमबाट सुरु)**

| **क.सं.** | **नामथर** | **कर्जा रकम** | **अवधि** | **ब्याजदर** | **धितोको विवरण** | **किस्ता/वा ब्याजमात्र** |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | | | | | | |
| ५ | | | | | | |

**७) जम्मा कर्मचारी संख्या** :-........ (बजार प्रतिनिधि :-........जना ) नियुक्ति पत्र दिए/नदिएको :- ..........

सबैभन्दा बढी तलब लिने कर्मचारीको तलब :रु......................सबैभन्दा कम तलब लिनेको तलब रु..................

सञ्चयकोषको सुविधा : छ/छैन ग्रेडको सुविधा : छ/छैन स्थायी/अस्थायी/करार.........................

**८) सफ्टवेयरको नाम** :- .........................सम्झौता भए/नभएको...........भएमामिति.......................

**९) शेयर सदस्य संख्या** :-

| जम्मा **:-** | पुरुष **:-** | महिला **:-** | संस्थागत **:-** | बाल बचत कर्ता: |
|---|---|---|---|---|
| | | | | |

**अधिकतम शेयर खरिद गर्ने ३ जना शेयर सदस्यहरुको विवरण :**

| **क्र.सं.** | **नामथर** | **शेयर रकम** | **कूल शेयरमा भार प्रतिशत** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

**१०**) कुल निक्षेप रु ................................

| **निक्षेप कर्ताहरुको संख्या**<br>जम्मा **:-** | पुरुष **:-** | महिला **:-** | संस्थागत **:-** |
|---|---|---|---|

सबैभन्दा बढी निक्षेप जम्मा गर्ने ३जना सदस्यहरुको नामावली :

| **क्र.सं.** | **नाम थर** | **निक्षेप रकम** | **बचतको शिर्षक** | **ब्याजदर** | **कूलनिक्षेपमाभार प्रतिशत** |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**११**) कुल कर्जा रकम :

| **ऋणी सदस्यहरुको संख्या** जम्मा **:-** | पुरुष **:-** | महिला **:-** | संस्थागत **:-** |
|---|---|---|---|

**सबैभन्दा बढी कर्जा उपभोग गर्ने ३ जना ऋणी सदस्यको विवरण : (संचालक वाहेकका)**

| **क.सं.** | **नामथर** | **ऋण रकम** | **ऋण शिर्षक** | **ब्याजदर** | **कूल ऋणमा भार प्रतिशत** | **धितोको विवरण** |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

जम्माभाखा नाघेको कर्जा रकम : ...........................प्रतिशत...........भाखा नाघेको ऋणी संख्या : ..............

भाखा नाघेको कर्जाको लागिव्यवस्था गरेको कोष रकम : ............................................

**१२) वार्षिक साधारण सभा सम्वन्धि विवरण :-(पछिल्लो साधारण सभाको विवरण)**

कुल सदस्य संख्या :- .............   उपस्थित सदस्य संख्या :................

सदस्यहरुलाई सभाको सुचना दिने माध्यम र प्रकृया :-..............................................

साधारण सभामा उपस्थित सदस्यहरुलाई भत्ता दिने गरेको/नगरेको, दिएको भए कति ? ...........................

**१३) संस्थाले तयार पारेको नीतिहरु, कार्यविधिहरुको विवरण :-**

| **क.सं.** | **नीतिको नाम** | **स्वीकृत मिति** | **स्वीकृत गर्ने निकाय** |
|---|---|---|---|
| **१** | | | |
| **२** | | | |
| **३** | | | |
| **४** | | | |
| **५** | | | |

**१४) पछिल्लो साधारण सभाबाट पारित भएका मूख्य बिषयहरु :-**

| क.सं. | मूख्य विषयहरु |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |

## १५) सहकारी ऐन तथानियमावलीपालना सम्बन्धि विवरण :

| क.सं. | विषय | छ | छैन |
|---|---|---|---|
| १) | कार्यक्षेत्र भन्दा बाहिरका व्यक्तिको बचत लिएको वाकर्जा दिएको छ/छैन ? | | |
| २) | सदस्यबनेको ३ महिना नपुग्दै ऋण लगानी गरेको छ/छैन ? | | |
| ३) | खुदबचतको २५ प्रतिशत जगेडा कोषमाजम्मा गरेको छ/छैन ? | | |
| ४) | शेयर पूँजीको १८ प्रतिशतभन्दा बढी लाभाँश बाँडेको छ/छैन ? | | |
| ५) | सुनचाँदीधितो तथा शेयर धितोमाकर्जा लगानी गरेको छ/छैन ? | | |
| ६) | संरक्षित पूँजीफिर्ता कोषको रकम बाँडफाँड गरेको छ/छैन ? | | |
| ७) | ऋण लगानीगर्दा सेवा सेवाशुल्कलिने गरेकोछ/छैन ? | | |
| ८) | शेयर खरिदमा प्रवेश शुल्क वाहेक अन्य शुल्क लिने गरेको छ/छैन ? | | |
| ९) | बचत र ऋणको ब्याजदर अन्तर ६ प्रतिशतभन्दा बढी गरेको छ/छैन ? | | |
| १० | प्राथमिकपूँजीकोषको १०% भन्दा बढी एकै व्यक्तिलाई लगानी गरेको छ/छैन ? | | |
| ११ | सदस्यहरुलाई कारोवारी, साधारण र संस्थापक भनी विभेद गरेको छ/छैन ? | | |
| १२ | संस्थागत अनुदान वा जगेडा कोषको रकम हिनामिना वा मासेको छ/छैन ? | | |
| १३ | सञ्चालक वा लेखा समिति कर्मचारीको रुपमा कार्य गरेको छ/छैन ? | | |
| १४ | सदस्य पहिचान फारम KYM र COPOMIS अधावधिक गरेको छ/छैन ? | | |
| १५ | सम्पत्ति सुद्धिकरण निवारण निर्देशिका निर्माण गरि लागु गरेको छ/छैन ? | | |

| | | | |
|---|---|---|---|
| १६ | कार्यान्वयन अधिकारी र सूचना अधिकारी तोकेको छ/छैन ? | | |
| १७ | ऋणमा हर्जाना र बचत ढिलोमा हर्जाना लिने गरेको छ/छैन ? भए प्रतिशत खुलाउने | | |
| १८ | सदस्य वडापत्र बनाई टाँस गरेको छ/छैन ? | | |
| १९ | दोहोरो सदस्यता व्यवस्थापन गर्ने नीति बनाएको छ/छैन ? | | |
| २० | सरकारी कर्मचारी, बैक तथा वित्तीय संस्थाको कर्मचारी र सञ्चालक, जनप्रतिनिधी यस संस्थाको सञ्चालक र लेखा समितिमा छ/छैन ? | | |
| २१ | सञ्चालक र लेखा समितिमा ३३% महिला सहभागिता गराउने व्यवस्था छ/छैन ? | | |
| २२ | एउटै परिवारको एकभन्दा बढी व्यक्ति सञ्चालक वा लेखा समितिमा छ/छैन ? | | |
| २३ | संस्थाका सञ्चालक वा कर्मचारी सोहि वा अर्को संस्थाको कर्मचारी वा सञ्चालक छ/छैन ? | | |
| २४ | एउटै लेखापरिक्षकलाई लगातार ३ वर्षभन्दा बढी परिक्षण अनुमति दिएको छ/छैन ? | | |
| २५ | बिनाधितो बिना योजना लगानी गरेको छ/छैन ? | | |
| २६ | प्राथमिक पूँजीकोषको १५ गुणाभन्दा बढी बचत लिएको छ/छैन ? | | |
| २७ | सञ्चालक समितिको २ वटा बैठकको बीचको अवधि ४५ दिन भन्दा बढी छ/छैन ? | | |
| २८ | बचत तथा ऋण र व्यवसायको सुरक्षणको लागि आवश्यक सुरक्षा प्रणाली -वीमा, ऋण सुरक्षण कोष, घाटा पूर्ति कोषको व्यवस्था गरेको छ/छैन ? | | |
| २९ | सहकारी संघ/सहकारी बैक/स्थानीय/प्रदेश तथा संघीय सरकारबाट सम्मान पुरस्कार पाएको छ/छैन ? | | |
| ३० | बचत ऋणको कारोबार गर्ने सहकारीले पर्ल्स अनुगमनको अनिवार्य विश्लेषण र प्रतिवेदन पेश गर्ने गरेको छ/छैन ? | | |
| ३१ | समिति/उपसमितिका सदस्यले सहकारी व्यवस्थापन सम्बन्धि तालिम लिएको छ/छैन | | |
| ३२ | यस सहकारी संस्थाले उत्पादनमुलक/सेवामुलक क्षेत्रमा गरेका कार्यहरुको विवरण छ/छैन, छ भने तल उल्लेख गर्नुहोस<br>क)..............................................................................................<br>ख)..............................................................................................<br>ग).............................................................................................. | | |

मास्टरपेज गाउँपालिका

उल्लेखित विषयहरु तथा जानकारी यस संस्थाको आधिकारिक व्यक्ति/व्यक्तिहरुसंग संकलन भएको हो भनी सहि गर्ने

संस्थाको आधिकारिक व्यक्तिको नाम : ............................................ पद :........ हस्ताक्षर :..................

संस्थाको छाप :

**निरीक्षणकर्ताबाट दिईएको सुझाबहरु :**

| क.सं. | मूख्य सुझाब |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |

निरीक्षण गर्ने :

| **क.सं.** | **निरीक्षण गर्ने पदाधिकारीको नाम** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

**निरीक्षण मिति**

**आज्ञाले,**

**वेदहरि अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**

मूल्यः रु. ४०।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

लाहाचोक, कास्की

माछापुच्छ्रे गाउँपालिका